का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ असार २०८१,
आइतबार
30 June 2024,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक १३८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# मैदानमा माधव र घनश्याम

प्रज्ञाभवन कमलादीमा शुरु हुने दशौं राष्ट्रिय महाधिवेशनबाट माधवकुमार नेपाल नेकपा एकीकृत समाजवादीको अध्यक्षमै दोहोरिने चाहनामा छन् । तर पूर्वप्रधानमन्त्री झलनाथ खनालको साथ लिएर महासचिव घनश्याम भुसाल मैदान उत्रिएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ असार ।

राष्ट्रिय प्रज्ञा प्रतिष्ठान कमलादीमा नेकपा एकीकृत समाजवादीको दशौं राष्ट्रिय महाधिवेशन आजबाट शुरु हुँदैछ । 'दक्षिणपन्थी यथास्थितिवादको विरोध गरौं, समाजवादको दिशामा अघि बढौं' भन्ने नाराका साथ शुरु हुने महाधिवेशनको तयारी पूरा भएको शनिबार पत्रकार सम्मेलन गरेरै जानकारी गराइएको थियो ।

अध्यक्ष माधवकुमार नेपाल सहित सबै शीर्ष नेताहरु उपस्थित भएर महाधिवेशनको तयारीबारे पत्रकार सम्मेलन गरिएको थियो । पत्रकार सम्मेलनमा नेताहरुले महाधिवेशनबाट राजनीतिक, संगठनात्मक, कार्यदिशा र विधान प्रतिवेदन पारित गर्ने बताएका छन् ।

एकीकृत समाजवादीले यसअघि नै यी प्रतिवेदनहरुमा सहमति जनाइसकेको छ । अध्यक्ष नेपालले राजनीतिक, पूर्वप्रधानमन्त्री झलनाथ खनालले समाजवादी कार्यदिशा, उपाध्यक्ष बेदुराम भुसालले विधान र महासचिव घनश्याम भूसालले संगठनात्मक प्रतिवेदन तयार पारेका छन् । यी प्रतिवेदनहरु महाधिवेशन हलबाट पारित हुँदैछ ।

चार वटै प्रतिवेदन पारित भएपछि २१ सदस्यीय पदाधिकारी रहेको २ सय ९९ सदस्यीय केन्द्रीय कमिटी महाधिवेशनबाट चयन हुनेछ । बुधबार मात्र सचिवालयको बैठक बसेर पदाधिकारीको संख्या बढाउने निर्णय भएको थियो । बुधबारको निर्णय अनुसार, सम्मानित नेता र वरिष्ठ उपाध्यक्ष पद थप भएको छ भने आवश्यकताका आधारमा वरिष्ठ नेता थपिनेछ ।

केन्द्रीय कमिटीको संख्या एक सय थपिएको छ । यसअघि गत माघ दोस्रो साता काठमाडौंमै सम्पन्न केन्द्रीय परिषद् बैठकले १ सय ९९ सदस्यीय केन्द्रीय कमिटी बनाउने निर्णय गरेको थियो ।

तर महाधिवेशनमा सर्वसहमतिबाट नेतृत्व चयनको संभावना कमजोर हुँदै गएपछि फेरि पदाधिकारी र केन्द्रीय कमिटीको संख्या बढाउनेतिर नेताहरु लागेको देखिन्छ । यो महाधिवेशनबाट अध्यक्षमा माधव नेपाल फेरि दोहोरिन चाहेका छन् ।

नेकपा एमाले विभाजन गरेर आफैले एकीकृत समाजवादी गठन पृष्ठ २ मा

# डेढ वर्षपछि बालकोटमा देउवा

अमेरिकी सहयोगसम्बन्धी सम्झौता एमसीसी परियोजनामा सहमति जुटाउन नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा डेढ वर्षअघि एमाले अध्यक्ष केपी शर्मा ओली निवास बालकोट पुगेका थिए । त्यसपछि शनिबार देउवा बालकोट पुगेका हुन् ।



**शिव विक /मध्यान्ह**
काठमाडौं, १५ असार ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रमुख सत्ताघटक नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भेटवार्ता भएको छ ।

ओलीलाई भेट्न पत्नी आरजु राणासहित देउवा ओली निवास बालकोट पुगेका हुन् । नेताहरूका अनुसार उनीहरूबीच करिव सवा दुई घण्टा कुराकानी भएको छ ।

प्रमुख प्रतिपक्षी दलको नेता प्रमुख सत्ताघटक एमालेका अध्यक्ष ओलीलाई भेट्न उनकै निवास पुग्नुलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

पछिल्लो समय नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न आरोपमा फरार रहेकाहरू पक्राउ पर्न थालेका छन् । शनिवार मात्रै प्रहरीले बेचन झालाई पक्राउ गरेको छ । शुक्रबार पूर्व गृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतीक थापा पक्राउ परेका थिए ।

बादल गृहमन्त्री भएका बेला उनी स्वकीय सचिव बनेका थिए । तर, मन्त्रालयमा उनको भूमिका विवादित भएपछि स्वकीय सचिवबाट हटाइएको थियो ।

भुटानी शरणार्थीको समस्या समाधान गर्न भन्दै मन्त्रालयले पूर्वसहसचिव बालकृष्ण पन्थीको नेतृत्वमा कार्यदल बनाएको थियो । कार्यदलको प्रतिवेदनमै नक्कली नामहरु घुसाएर नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाउने प्रयास भएको थियो । त्यसक्रममा थापाले बिचौलियाको भूमिका निभाएको प्रहरी अनुसन्धानबाट खुलेको थियो ।

यसैगरी, सर्वोच्च अदालतमा पनि चार जना न्यायाधीशको पद रिक्त छ । यो विषयमा पनि शीर्ष नेताहरू संवादमा छन् ।

कांग्रेस र एमालेबिच सत्ता सहकार्यको समेत चर्चा भइरहेका बेला ओली र देउवाबिच भेटवार्ता भएको हो ।

गत फागुन २१ मा सत्ता विमुख भएको कांग्रेसले सत्तामा फर्किन एमाले पृष्ठ २ मा






# पहिरोले परिवारै सखाप

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असार ।

गुल्मीमा पहिरोले घर पुरिंदा एकै परिवारका पाँच जनाको मृत्यु भएको छ ।

मालिका गाउँपालिका-६ कडेल पाटामा भेषबहादुर कामीको घर पहिरोले पुर्दा एकै परिवारका पाँच जनाको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरीक्षक सूर्यभान चौधरीका अनुसार पहिरोमा पुरिएर ५५ वर्षीय भेषबहादुर, ४८ वर्षीया श्रीमती सुन्तली कामी, बुहारी २६ वर्षकी सीता बिक, नातिनीहरू ८ वर्षकी सपना बिक र ८ महिनाको बिपना बिकको मृत्यु भएको हो ।

पहिरोले भेषबहादुरको ढुंगामाटोले बनेको दुई तले घर पुरेको थियो । घर पहिरोले पुरिएको बिहान ७ बजे मात्रै जानकारी भएको प्रहरीले जनाएको छ ।

भेषबहादुरका तीन छोरा रोजगारका लागि पृष्ठ २ मा

# विकासे बजेटमा मनमौजी

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १५ असार

कर्णालीका सबै पालिका विकासे बजेटको दुरुपयोग गर्ने गरेको आरोप लागेको छ । विकासे बजेटमा मनोमानी गर्नेहरुमा गाउँपालिका अध्यक्षदेखि उपाध्यक्ष, वडाअध्यक्षदेखि कर्मचारीसम्म रहेको बताइन्छ । गाउँपालिकाले फर्निचर, कम्प्युटर, मेसिनऔजार र सवारी साधन, औषधि, मोबाइल फोन लगायतका सामान सार्वजनिक खरिद ऐन मिचेर सोझै खरिद गरेको पाइएको सरोकारवालाहरूको दाबी छ ।

> बजेटमा मनोमानी गर्नेहरुमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षदेखि कर्मचारीसम्म रहेको बताइन्छ ।

सार्वजनिक खरिद ऐनमा १० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा माल सामान तथा २५ लाख रुपैयाँसम्मको औषधिजन्य माल सामान सोझै खरिद गर्न सकिने व्यवस्था छ ।

यसअनुसार पालिकाहरूले गत आर्थिक वर्ष २०७९/०८० मा वस्तु तथा सेवा खरिद प्रतिस्पर्धात्मक विधि नअपनाई नियम विपरित एक करोड ३५ लाख ६६ हजार पाँच सय ११ खर्च गरेको छ ।

जसमा न्यु साझा कम्प्युटर ट्रेडलाई १३ लाख ८५ हजार एक सय ६९ रुपैंया, पञ्चकोशी उर्जा सप्लायर्सलाई १३ लाख ६१ हजार २ सय ८४, न्यु साझा इलोक्ट्रोनिक एण्ड अर्डर पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# चालु आ.व.को हालसम्म सय कामदार उडाउन नसक्ने म्यानपावर करिब तीन सय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ असार

चालु आर्थिक वर्षको असार दोस्रो हप्तासम्म करिब तीन सय म्यानपावर कम्पनीले इजाजतपत्र नवीकरणका लागि तोकिएको वार्षिक सय जना कामदार पठाउन सकेका छैनन् । ७७ वटा म्यानपावर कम्पनीले करिब एक वर्षको अवधिमा एक हजारभन्दा धेरै कामदार वैदेशिक रोजगारीमा पठाउँदा २ सय ७९ म्यानपावर कम्पनीले त्यस अवधिमा सय जना कामदार पनि पठाउन सकेका छैनन् ।

चालु आर्थिक वर्षको साढे ११ महिनामा ९ सय २२ म्यानपावर कम्पनीले वैदेशिक रोजगारीमा कामदार पठाएका छन् । प्रतिशतका हिसाबले वार्षिक सय पुऱ्याउन नपाएका म्यानपावर कम्पनीको हिस्सा ३० दशमलव २७ प्रतिशत छ । त्यसमा ८ वटा म्यानपावर कम्पनीले ९० जना र त्यसभन्दा बढी कामदार पठाएका छन् । उनीहरूले असार मसान्तसम्ममा नवीकरणका लागि तोकिएको सय संख्या पुऱ्याउन सक्ने देखिएको छ ।

सय संख्या पुऱ्याउन नपाएका म्यानपावर कम्पनीमध्ये केही नयाँ र केही वर्षौंदेखि शून्य लागतमा कामदार पठाउँदै आएका म्यानपावर कम्पनी रहेका छन् । वैदेशिक रोजगार विभागका अनुसार असार १२ गतेसम्म म्यानपावर कम्पनीबाट ३ लाख ३५ हजार ९ सय ९७ जना नेपाली रोजगारीको खोजीमा संस्थागत श्रम स्वीकृति लिएर गएका छन् ।

वार्षिक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका कम्पनीको इजाजतपत्र नवीकरणका लागि व्यवसायीको छातासंस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र विभिन्न राजनीतिक दल निकट संघसंस्थाहरूले निरन्तर पहल गरिरहेको बताएका छन् । असार मसान्तमा इजाजत नवीकरण गर्न वार्षिक सय जना कामदार पठाउनुपर्ने कानूनी व्यवस्था २०७५ सालमा आएको हो । तर उक्त कानूनी व्यवस्था एक पटक पनि कार्यान्वयनमा आएको छैन ।

यसअघिका वर्षहरूमा मन्त्रिपरिषद्ले वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ प्रयोग गरी बाधा अड्काउ फुकाउ आदेश जारी गरेर इजाजतपत्र नवीकरण गरिदिने व्यवस्था गर्दै आएको छ । यसपटक पनि संघसहित विभिन्न घटक संस्थाहरूले विगतको व्यवस्थाअनुसार नै आगामी आर्थिक वर्षका लागि इजाजत नवीकरण गरिदिनुपर्ने र उक्त व्यवस्था सधैंभरिका लागि खारेजी हुनुपर्ने माग जोडदाररूपमा गरिरहेका छन् ।

नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चमा पृष्ठ २ मा

## वैदेशिक रोजगारमा जाने कामदारको मानसिक स्वास्थ्य परीक्षण पनि गर्न सुझाव

काठमाडौं/मस- वैदेशिक रोजगारमा जाने कामदारको शारीरिकसहित मानसिक स्वास्थ्य परीक्षणलाई पनि समावेश गर्न सरोकारवालाहरूले सुझाव दिएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पावर माइण्स प्रा.लि. र मलेसियाका मनोसामाजिक परामर्शदाताहरूको समन्वयमा शुक्रबार गरेको छलफलमा उनीहरुले कामदारको शारीरिक तन्दुरुस्ती र अन्य रोग परीक्षणसहित मानसिक स्वास्थ्यको विषय सरकारी नीतिको प्राथमिकतामा रहनुपर्ने बताए ।

वैदेशिक रोजगारमा गएका युवाहरुमा सुतेकै अवस्थामा मृत्यु हुने, डिप्रेसनका कारण आत्महत्या गर्नेलगायतका समस्याहरुले बीचमै रोजगारी छोड्ने, कम्पनीसँग सेवा सुविधाजस्ता विषयमा अनावश्यक झगडा गर्ने प्रवृत्ति बढ्नु मानसिक स्वास्थ्यसँग जोडिएको पृष्ठ २ मा

## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको सूचना

**आदरणीय व्यवसायीज्युहरु नमस्कार,**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३२औं स्थापना दिवस तथा ३०औं वार्षिक साधारण सभा मिति २०८१ असार १७ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्यालज्यूको प्रमुख आतिथ्यतामा उद्घाटन हुने जानकारी गराउँदै कार्यक्रमलाई भव्यरुपमा सफल बनाउन यस संघका सम्पूर्ण सदस्य संस्थाहरुको अमूल्य सहभागिता नै महत्वपूर्ण रहने विषयलाई हृदयङ्गम गर्न विनम्र अनुरोध गर्दछौं ।

**व्यवसायीको अनिवार्य सहभागिता किन ?**

१. नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विधान २०४९ लाई समयसापेक्ष संशोधन/परिमार्जन गर्न ।
२. व्यावसायिक भलाई कोष स्थापन तथा सञ्चालन कार्यविधि पारित गर्न ।
३. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने भावी योजना र संघद्वारा भए/गरिएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन अनुमोदन गरी पारित गर्न ।
४. आ.व. २०७९/०८० को आय-व्ययको विवरणसहितको वासलात उपर छलफल गरी पारित गर्न ।

लगायतका विविध महत्वपूर्ण विषय उपर छलफल गरी निष्कर्षमा पुग्नुपर्ने हुँदा यस साधारण सभामा भाग लिनका लागि देहायबमोजिम हुने गरी प्रतिनिधि सिफारिस गरी पठाउनुहुन अनुरोध छ ।

**देहाय**

१. कम्पनीको लेटरहेडमा प्रतिनिधि सिफारिसको लिखित आवेदन ।
२. सिफारिस प्रतिनिधि अनिवार्य कम्पनीको सेयरधनी हुनुपर्ने ।
३. संघमा बाँकी रहेको मासिक शुल्क (लेबी) भुक्तान गर्नुपर्ने ।
४. एक संथा एक प्रतिनिधि ।
५. प्रतिनिधिको २ प्रति पासपोर्ट साइज फोटो ।
६. प्रतिनिधि विवरण मिति २०८१ असार १६ गतेभित्र संघको कार्यालयमा बुझाइसक्नुपर्नेछ ।

**साधारण सभा हुने समयः बिहानको ८:३० बजेदेखि ।**

**साधारण सभा हुने स्थानः अनुपम फुडल्याण्ड बत्तीसपुतली, काठमाडौं ।**

**धन्यवाद ।**

**मेघनाथ भुर्तेल**
**महासचिव**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८ । ९८०१०९७८८२

# घोराही सिमेन्ट उद्योगका श्रमिक आन्दोलित

दाङ/मस-घोराही सिमेन्ट उद्योगमा कार्यरत स्थानीय श्रमिकहरु आन्दोलित भएका छन् । मुख्य रोजगारदाता कम्पनी घोराही सिमेन्ट उद्योग र श्रमिक सप्लायर्स कम्पनीको मिलेमतोमा सरकारले ताकेको न्यूनतम पारिश्रमिकमा ठगि भएको भन्दै शनिवार उद्योग अगाडि प्रदर्शन गरेका हुन् । सयौंको संख्यामा उपस्थित स्थानीयले सरकारले ६६८ रुपैयाँ न्यूनतम पारिश्रमिक तोकेपनि उद्योगले बीचमा श्रमिक सप्लायर्स कम्पनी बिचौलिया खडा गरि वर्षैदेखि प्रतिव्यक्ति प्रतिदिन २०० रुपैयाँसम्म ठगी गरेको दावी गरेका छन् ।

श्रमिक सप्लायर्स कम्पनीले बैंक खातामा तलब नदिइ हाल प्रतिदिन ५०० को दरले मात्र दिने गरेको तर मुख्य रोजगारदाता कम्पनी घोराही सिमेन्ट उद्योगबाट सप्लायर्स कम्पनीले १० प्रतिशत कमिसनसहित पैसा बुझ्ने गरेको र आफुहरुलाई न्यूनतम पारिश्रमिक समेत नदिने गरेको बिलसहित श्रम मन्त्रालयमा २ महिनादेखि उजुरी दिँदा समेत हालसम्म कारबाही नगरेको श्रमिकले कार्यक्रम गुनासो गरेका छन् ।



आन्दोलनमा एकेबद्धता जनाउँदै राष्ट्रिय स्वतन्त्र पार्टीका विकास योजना तथा नीति तर्जुमा केन्द्रीय विभागका सचिव विशाल अधिकारीले विगत १० वर्षमा स्थानीय श्रमिकको पसिनामा २५ करोड बढी ठगी गरेको तथ्याकं प्राप्त भएको भन्दै श्रम मन्त्रालयले र विभागले टुलुटुलु हेरेर बस्न नमिल्ने भन्दै सरकारको ध्यानाकर्षण गराए । 'श्रमिकको पसिनामा १० वर्षमा २५ करोड बढी ठगी भएको तथ्याकं देखियो', उनले भने 'दुई महिना सम्म पनि एक्सन लिन नसक्ने मन्त्रालयको काम छैन, श्रमिकको पक्षमा काम गर्न नसक्ने हो भने कुर्सीमा बस्नुको औचित्य पनि हुदैन, मन्त्रीले राजीनामा दिँदा हुन्छ ।'

घोराही सिमेन्ट उद्योग पीडित संघर्ष समितिले आयोजना गरेको कार्यक्रममा बोल्दै घोराही उपमहानगरपालिका वडा नं ४ का वडा अध्यक्ष मधुसुधन घिमिरेले वडा कार्यालयमा बोलाएर छलफल गराउँदा समेत श्रमिक सप्लायर्स कम्पनीले न्यूनतम पारिश्रमिक दिन तयार नभएको जानकारी दिए । वडा अध्यक्ष घिमिरेले यस्तै रवैया रहे उद्योग सदैको लागि बन्द गराउने चेतावनी पनि दिएका छन् ।

उद्योगभित्र ज्यान जोखिमका राखेर सेफ्टी इकुप्मेन्ट बिनै काम गर्दा समेत श्रम ऐनले सुनिश्चित गरेको स्वास्थ बिमा, सामाजिक सुरक्षा कोष, चाडपर्व भत्ता कुनै पनि नपाएको आन्दोलनरत श्रमिकहरुको भनाइ रहेको छ। कार्यक्रममा सहभागी स्थानीयले उद्योगले वातावरण प्रदुषणका मापदण्ड पूरा नगरेकाले वायुप्रदूषणले स्थानीयबासीको स्वास्थ्यमा उच्च जोखिम पुर्‍याएकोमा समेत चिन्ता व्यक्त गरेका छन् ।

# दोलखाको रानीवन क्षेत्रमा ८ हजार बिरुवा रोपियो

**गोकर्णप्रसाद भण्डारी/मध्यान्ह**
दोलखा, १५ असार



दोलखाको कालिन्चोक गाउँपालिका वडा नम्बर ५ को रानीवन पहिरो क्षेत्रमा वृक्षारोपण गरिएको छ। वृक्षारोपणमा स्थानीयहरु उत्साहपूर्वक सहभागि भएका थिए । विगतमा गएको पहिरोले करिव चार सय घरपरिवारलाई विस्थापित गरेको यो पहिरो दोलखा जिल्लाकै ठूलो पहिरोको रुपमा लिएको छ ।

पारिस्थितिकीय प्रणालीमा आधारित अनुकुलन आयोजनाको प्राविधिक तथा आर्थिक सहयोगमा वृक्षारोपण गरिएको आयोजनाका जिल्ला संयोजक बिनोद थापाले बताए। लापिलाङ रानीवन पहिरोमा डिभिजन वन कार्यालय दोलखा, कालिन्चोक गाउँपालिका दोलखा र वडा नम्बर ५ को कार्यालयका प्रतिनिधिहरुको उपस्थितिमा ८ हजार बिरुवा वृक्षारोपण गरिएको कालिन्चोक गाउँपालिका ५ का वडा अध्यक्ष सहदेब खड्काले बताए ।

वृक्षारोपणमा सहभागि स्थानीय ईश्वर थापाले वृक्षारोपणले पहिरो जान रोकिने र अब बाँस, निगाला, अम्रिसो र एपियरका बिरुवाबाट गाउँलेले आम्दानी समेत गर्ने बताए ।

त्यस्तै अर्का स्थानीय दिपक थामीले पहिरोबाट खेतियोग्य जमिन बगरमा परिणत भएपनि पारिस्थितिकीय प्रणालीमा आधारित अनुकुलन आयोजनाले वृक्षारोपण गर्न सहयोग गरेपछि आफ्नो पाखा जग्गाबाट केही फाइदा हुने आसा जागेको बताए ।

कालिन्चोक गाउँपालिका ५ मा पाँच हेक्टर पहिरो गएको जमिनमा ८ हजार बिरुवा निगालो, बाँस, एपयिर, अम्रिसो जातका बिरुवाहरु पहिरो रोकथामका लागि लगाइएको हो ।

त्यस्तै दोलखाको भिमेश्वर नगरपालिका वडा नम्बर ८ बोचमा पनि १६ हेक्टर वनक्षेत्र जमिन व्यक्तिले हडपेको र सो जग्गा पनि स्थानीय प्रशासनको सहयोगमा फिर्ता गरी वृक्षारोपण गरिएको आयोजनाका संयोजक थापाले बताए । मितेरी पाखा सामुदायिक वन भिमेश्वर नगरपालिका वडा नम्बर ८ मा १६ सय बिरुवा रोप्ने कार्य सम्पन भएको वडा अध्यक्ष काजि बुढाथोकीले बताए । गाई फार्मले सामुदायिक वनको जग्गा, वन क्षेत्र फँडानी गरी कालिन्चोक गाई फर्म तथा रिसर्च सेन्टरले गाईपालन गरेको थियो । यस आयोजनाले वन क्षेत्र क्षयीकरण भएका र पहिरोले वन क्षेत्रमा क्षति पुगेका जग्गामा बिरुवा रोप्ने काम गर्दै आएको छ । आयोजना संयोजक थापाका अनुसार डिभिजन वन कार्यालय दोलखामार्फत बिरुवा व्यवस्थापन गर्न पारिस्थितिकीय प्रणालीमा आधारित अनुकुलन आयोजनाले आर्थिक तथा प्राविधिक सहयोग समेत गर्दै आएको छ ।

# कुखुरा व्यवसायीका समस्या समाधान गर्ने अध्यक्ष सिंहको प्रतिबद्धता

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ असार

रौतहट दुर्गा भगवती गाउँपालिकाका अध्यक्ष शम्भु कुमार सिंहले कुखुरा व्यवसायीको समस्या समाधान गर्न तथा बजार व्यवस्थापन गर्न गाउँपालिकाले नीति तथा कार्यक्रममा समावेश गरेर अघि बढ्ने प्रतिबद्धता जनाएका छन् ।

गंगा पिपरास्थित सामुदायिक भवनको सभाहलमा शनिबार जिल्ला कुखुरा व्यवसायी किसान संघ रौतहटको परिचयात्मक कार्यक्रम प्रमुख अतिथि सिंहले नेपाली उपभोक्तालाई स्वच्छ मासु उपलब्ध गराउन व्यवसायीलाई आग्रह गरे ।

सहायक प्रमुख जिल्ला अधिकारी राम नरेश यादवले सीमा क्षेत्रमा कुखुरा फार्म सञ्चालन गरेका किसानले चाहे भारतीय कुखुरा नेपालमा भित्रिन नसक्ने बताए। नेपाल सरकारले भारतीय कुखुराको चल्ला, कुखुरा तथा कुखुराजन्य बस्तु आयतमा प्रतिबन्ध लगाएको बताउँदै सुरक्षाको लागि खटिएका सुरक्षाकर्मीले नेपाली व्यवसायीको विलको आधारमा छोड्ने गरेको बताए ।




भारतीय कुखुरा ल्याएर नेपाली विल बनाएर नेपालमा ल्याउने गरेकोले नियन्त्रण गर्नमा समस्या भइरहेकोले नेपाली कुखुरा र भारतीय कुखुरा बीचको पहिचानबारे प्रहरीलाई जानकारी गराउन संघलाई ध्यानाकर्षण समेत गराए ।

सहायक प्रमुख जिल्ला अधिकारी यादवले सामूहिक रुपमा माछा व्यवसायी, कुखुरा व्यवसायीले काम गरे व्यवसाय राम्रो हुने बताए । भारतीय कुखुरा सस्तो तथा नेपाली कुखुरा अण्डा महंगो भएकोले सर्वसाधारण उपभोक्ताले भारतीय कुखुरा खरिद गर्ने गरेकोले मूल्यमा एकरूपता ल्याउने तर्फ ध्यान दिनुपर्ने बताए ।

भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रौतहटका मदन यादवले कुखुरा व्यवसायीलाई जैविक सुरक्षाबारे जानकारी लिनुपर्ने आवश्यक रहेको बताए । पेशामा लाग्नुभन्दा पहिला सुरक्षा, रेखदेख के कसरी गर्ने, कुखुरा बिरामी परे कुन औषधी प्रयोग गर्ने भनि प्राविधिक ज्ञान हासिल गरेर कुखुरा पालन गर्दा सुरक्षित हुने उनले बताए ।

रौतहटमा भारतीय कुखुराको आयत नियन्त्रण गर्ने तथा स्वदेशी कुखुरा उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले गठन गरिएको जिल्ला कुखुरा व्यवसायी किसान संघको बारेमा जानकारी गराउन कार्यक्रमको आयोजना गरिएको हो ।

उमाशंकर साहको सभापतित्वमा भएको कार्यक्रमको सञ्चालन संघका जिल्ला सचिव राधेश्याम साहले गरेका थिए ।

# पत्रकार महासंघ प्यूठानमा तालाबन्दी

**राजेश जीसी/मध्यान्ह**
प्यूठान, १५ असार



निर्वाचनको संघारमा रहेको नेपाल पत्रकार महासंघले प्रकाशित गरेको मतदाता नामावलीमाथि असहमति जनाउँदै नेपाल प्रेस युनियन देशभर आन्दोलित भएको छ । युनियनले शुक्रबार राति नै महासंघको केन्द्रीय कार्यालयमा तालाबन्दी गरेको थियो । यता महासंघ जिल्ला शाखा प्यूठानमा पनि प्रेस युनियन प्यूठानले तालाबन्दी गरेको छ ।

यसैबीच प्रगतिशील पत्रकार संगठन नेपाल प्यूठानले पनि महासंघको कार्यालयमा तालाबन्दी गरेको छ । पत्रकार महासंघको निर्वाचन जबरजस्ती अगाडि बढाउन खोज्ने र आस्था र बिचारको आधारमा सदस्य हटाउने र राख्ने प्रवृत्ति महासंघ केन्द्रीय समितिले गरेको भन्दै महासंघको केन्द्रीय कार्यालयदेखि प्रदेश र जिल्ला शाखाहरुमा तालाबन्दी गरिएको प्रेस युनियन र प्रगतिशील पत्रकार संगठनले जनाएका छन् । दुवै संगठनले विज्ञप्ति जारी गर्दै सदस्यता विवाद समाधान गरी क्रियाशील पत्रकारहरुको नाम समावेश गर्न आग्रह गरेका छन् । केन्द्रीय निर्वाचन समितिले सार्वजनिक गरेको महासंघका सदस्यहरुको नामावलीमा नियतवस छुटाइएकालाइ समावेस गर्नुपर्ने र राखिएका गैरसदस्यहरुलाई हटाउनुपर्ने माग दुवै संगठनको छ । माग पूरा नभए महासंघको निर्वाचन बहिस्कार गर्ने र जबरजस्ती निर्वाचन गराए अनिश्चितकालीन तालाबन्दी गरिने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# फतुवा विजयपुरमा चर्मरोगसम्बन्धी निःशुल्क स्वास्थ्य शिविर

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १५ असार




रौतहटको फतुवा विजयपुर नगरपालिकामा शनिबारदेखि चर्मरोग सम्बन्धी दुई दिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भएको छ ।

फतुवा विजयपुर नगरपालिकाको आयोजनामा चर्मरोगका वरिष्ठ डाक्टरहरुको टोलिद्वारा फतुवा विजयपुर नगरपालिका-११ हिमालीवासस्थित स्वास्थ्य केन्द्रमा उक्त शिविर सञ्चालन भएको हो । शिविर आइतबार बेलुका ५ बजेसम्म सञ्चालन हुनेछ ।

पालिकाभित्र रहेका कुष्ठरोगी पत्ता लगाउन निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको फतुवा विजपुर नगरपालिकाकि कार्यवाहाक मेयर अम्ब्या खातुनले बताएकी छन् ।

कुष्ठरोग प्रभावित सजिलै स्वास्थ्य संस्थामा नआउने भएकाले सबै प्रकारका छाला रोगीको परीक्षण गर्नेगरी निःशुल्क चर्मरोग शिविर आयोजना गरिएको मेयर खातुनले बताइन् ।

शिविरमा चर्मरोगको निःशुल्क उपचार गर्नुका साथै निशुल्क औषधी समेत वितरण गरिरहेको उनले बताइन ।

समययमैं उपचार गरे कुष्ठरोग निको हुने भएकाले यो शिविरमा सहभागी भइ निःशुल्क रूपमा उपचार गराएर कुष्ठ रोगबाट मुक्त हुन उनले सबैलाई आग्रह गरिन् ।

छाला सम्बन्धी जुनसुकै समस्या भएकाले पनि शिविरबाट लाभ लिन सक्ने बताउँदै मेयर खातुनले शनिबार छुटेकाहरूलाई आइतबार शिविरमा आउन अनुरोध गरेकी छन् ।

कुष्ठ रोग नदुख्ने, नचिलाउने भएकाले धेरैलाई आफू कुष्ठरोग प्रभावित भएको थाहा नहुने भएकोले र पहिचानका लागि सबै प्रकारका छाला रोगीका लागि लक्षित गरी शिविर आयोजना गरिएको आयोजक फतुवा विजयपुर नगरपालिकाले जनाएको छ ।

## मैदानमा...

गरेकाले एकपटक नेतृत्व गर्न पाउनुपर्ने अध्यक्ष नेपालले दाबी गर्दै आएका छन् । ९ भदौ २०७८ मा एमालेबाट अलग गरेर माधव नेपालकै अध्यक्षतामा एकीकृत समाजवादी गठन भएको थियो ।

तर माधव नेपाल नेतृत्वको यो अवधिमा पार्टीले गति लिन नसकेको अर्का नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालको निष्कर्ष छ । माधव नेपालबाट पार्टी अगाडि बढ्न नसक्ने निष्कर्ष सहित खनालले नेतृत्व परिवर्तनको एजेण्डा उठाएका छन् । नेतृत्व परिवर्तनका लागि भनेर आफू समर्थितहरुको पंक्ति पार्टीभित्र तयार पारेका खनालले महाधिवेशनको नजिकिइरहँदा भने महासचिव घनश्याम भूसाललाई साथ दिने प्रष्ट संकेत गरेका छन् ।

महासचिव भूसाललाई पार्टीको नेतृत्व दिदा आकर्षण आउने खनालको निष्कर्ष छ । यद्यपि सर्वसम्मति भए आफै अध्यक्ष हुने खनालको मनसाय देखिन्छ । तर सर्वसम्मतिको संभावना कमजोर रहेकाले माधव नेपाल र घनश्याम भूसालबीच चुनावी प्रतिस्पर्धा हुने देखिन्छ ।

माधवलाई निरन्तरता दिनुपर्ने पक्षधरहरुले अनुभवी नेताले पार्टीलाई अगाडि बढाउने दावी गरिरहेका छन्। तर २०३२ सालदेखि पार्टी नेतृत्वमा रहेका माधवबाट पार्टीमा कुनै आकर्षण नआउने भएकाले पुस्तान्तरण गर्नुपर्ने खनाल र भूसाल पक्षकाहरुले नारा लगाइरहेका छन् ।

## पहिरोले...

भारतमा छन् । यता उनीहरुको परिवार नै सखाप भएको हो ।

यसैगरी, अविरल वर्षाका कारण पहिराले घर बगाउँदा स्याङ्जामा आमा छोरीको मृत्यु भएको छ ।

फेदीखोला गाउँपालिका वडा नम्बर ५ बाँगे स्थित दुर्गा जिटीको घर पहिरोले बगाउँदा आमा छोरी पुरिएका हुन् ।

घरमा सुतिरहेकी ३१ वर्षीय दुर्गा जिटी र उनकी ३ वर्षीय छोरी निकिसा जिटीको मृत्यु भएको स्याङ्जा प्रहरीले जनाएको छ ।

यस्तै, बागलुङको गलकोट नगरपालिका-८ काँडेबाँसको बिसौनामा दम्पती घरसहित पहिरोमा पुरिएका छन्। बिसौनाका ५५ वर्षीय प्रेम विक र उनकी श्रीमती ५० वर्षीय वसन्ती गए राति पहिरोमा पुरिएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## डेढ...

र माओवादीसँग दोस्रो तहका नेतामार्फत पछिल्लो समय दोहोरो संवाद गरिरहेको नेताहरू बताउँछन् ।

अमेरिकी सहयोगसम्बन्धी सम्झौता एमसीसी परियोजनामा सहमति जुटाउन नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा डेढ वर्षअघि एमाले अध्यक्ष केपी शर्मा ओली निवास बालकोट पुगेका थिए । त्यसपछि शनिबार देउवा बालकोट पुगेका हुन् ।

ओली र देउवाको भेटवार्ताले कांग्रेस र एमालेबिच सत्ता सहकार्यका लागि ढोका खोल्ने कतिपय नेताहरूको दाबी छ ।

३० फागुन २०८० मा प्रतिनिधि सभाको बैठकमा बोल्दै एमाले अध्यक्ष ओलीले देशका समस्याबारे कुरा गर्न खोज्दा कांग्रेसले नमानेको बताएका थिए।

पछिल्लो तीन वर्षयता कांग्रेससँग पटकपटक संवाद गर्न खोजे पनि नमानेको उनले बताएका थिए । 'यो देशका समस्याबारे कुरा गरौं न भन्दा कुरे चल्दैन,' ओलीले भनेका थिए, 'म भन्न चाहन्छु, शेरबहादुरजीलाई । बसौं, कुरा गरौं न । प्रतिपक्षमा बस्दैमा कुरा नचल्ने भन्ने हुँदैन ।'

ओलीले यस्तो भनेको साढे तीन महिनापछि देउवा बालकोट पुगेका हुन् ।

## विकासे ...

सप्लायर्सलाई ११ लाख ४ हजार २ सय ५६, सिद्धार्थ हार्डवयर एण्ड सप्लायर्स प्रा.लिलाई ९५ लाख २८ हजार ४, डिम्स इन्टरनेसनलाई ९४ हजार १ सय ६४ रुपैयाँ भुक्तानी दिएको छ ।

पालिकाले नियम विपरित सिर्जना मेडिसिन सप्लायर्सलाई ८ लाख ५ हजार ७ सय ९७, सुप्रिम ट्रेड सप्लायर्सलाई ७ लाख ५१ हजार ६ सय नौ, सय शाही सीजन स्टेशनरी एण्ड जनरल लर्डर सप्लायर्सलाई ७ लाख २६ हजार ३ सय २५ रुपैयाँ दिएको छ ।

प्लानेट इम्फोसिस् प्रा.लिलाई ६ लाख ७५ हजार ८ सय ९३, टिडी डेकोर हाउसलाई ६ लाख ५० हजार ७२, प्रसिद्ध कर्णाली सप्लायर्सलाई ५ लाख ८५ हजार ७ सय ९७, भवानी छापाखानालाई ५ लाख ८० हजार ९ सय २७ रुपैयाँ दिएको छ। सिद्धार्थ स्टेशनरी स्टोर्स ५ लाख ३९ हजार ४ सय ८७, देवकोटा इलेक्ट्रोनिक्स सेन्टरलाई ३ लाख ३५ हजार ४ सय ४२ रुपैयाँ भुक्तानी दिएको छ ।

संगम स्टेशनरी सेन्टर एण्ड जनरल अर्डर सप्लायर्सलाई ३ लाख २८ हजार १ सय ७५, सीएनके. इन्टरनेसनल प्रालिलाई २ लाख ९५ हजार ९०, बाराही ट्रेडर्स एण्ड अर्डर सप्लायर्सलाई २ लाख ९४ हजार ४०, पारदर्शन जनरल अर्डर एण्ड सप्लायर्सलाई २ लाख ५१ हजार ९ सय ७६ रुपैयाँ दिएको छ ।

कश्यप हार्डवयर एण्ड सप्लायर्सलाई २ लाख ३७ हजार ४ सय ६२, ग्यालेक्सी मोवाईल हबलाई २ लाख ३० हजार २ सय ४६, एमए डब्ल्यू अर्थ मुभर्स प्रालिलाई २ लाख २२ हजार ५ सय २८, एसवि आइटि सोलुसनलाई १ लाख ६२ हजार १ सय ७६ र राजु फर्निचर उद्योगलाई १ लाख १२ हजार ८ सय ९३ रुपैयाँ गरी कुल १ करोड ३५ लाख ६६ हजार ५ सय ११ रुपैयाँ नियम विपरित भुक्तानी गरेको छ । जसलाई महालेखा प्रतिवेदनमा अनियमित भएको उल्लेख गरेको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले खरिद आदेश एवं जिन्सी दाखिला नगरी गत वर्ष १ लाख २८ हजार ६ सय ८४ रुपैयाको मोबाइल खरिद गरेको छ । यो नियम विपरित रहेको र उक्त रकम असुल गर्नुपर्ने उल्लेख गरिएको छ ।

सिम्ता गाउँपालिकाका जनप्रतिनिधिले भत्ता तथा अवलोकनको नाममा लाखौं रुपैयाँको अनियमितता गरेको पाइएको छ । त्यति मात्रै होइन सरकारी गाडी हुँदा हुँदै भाडामा गाडी लिएर खर्च गरेको पाइएको छ ।

अनियमिततामा गाउँपालिका अध्यक्षादेखि उपाध्यक्ष, वडाअध्यक्षसहित कर्मचारीसम्मको संलग्नता रहेको पाइएको छ ।

## चालु...

आबद्ध व्यवसायीहरूले प्रधानमन्त्री एवम् माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेपाली कांग्रेस निकट लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनमा आबद्ध व्यवसायीहरूले विपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा तथा नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा आबद्ध व्यवसायीहरुले एमाले नेताहरूमार्फत संख्या सयको समस्या तत्कालै समाधान गर्नका लागि दबाब दिएका छन् ।

सबै प्रकारका दबाबपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रिपरिषद्मा लैजाने प्रस्ताव तयार गरी रायका लागि कानून मन्त्रालय पठाएको बताइएको छ। तर श्रममन्त्री डोल प्रसाद अर्यालले सामान्य विषयमा व्यवसायीले आफूमाथ चौतर्फी दबाब सिर्जना गरेको भन्दै आफू निकटहरूसँग गुनासो गर्न थालेको बताइएको छ ।

संघले सोमबार हुने साधारण सभामा यस विषयलाई पनि जोडदाररुपमा उठाउने संघका अध्यक्ष राजेन्द्र भण्डारीले जानकारी दिए ।

## वैदेशिक...

विषय हुनसक्ने उनीहरूको भनाइ छ । कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता तथा वैदेशिक रोजगार महाशाखा प्रमुख गोविन्द रिजालले मानसिक स्वास्थ्यका विषयमा पनि परामर्श गरेर गम्भीर समस्या देखिएका बिरामीलाई रोजगारीमा नपठाउन सुझाव दिए ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले मानसिक स्वास्थ्य समस्या रहेका व्यक्तिलाई उचित परामर्श दिएर पठाउने र त्यसलाई नियमित स्वास्थ्य परीक्षणमा राख्नु उचित हुने बताए। संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्री कुमारले आप्रवासी कामदारको मानसिक स्वास्थ्यको विषयमा अन्तर्राष्ट्रिय श्रम संगठनले गम्भीरताका साथ उठाएको भन्दै नेपालले यस विषयमा उत्तिकै गम्भीरता देखाउन जरुरी रहेको बताए । कामदार पठाउने र लिने दुवै मुलुकमा कामदारको मानसिक स्वास्थ्यको पक्ष छलफलको विषयका रूपमा प्रवेश गरिसकेको भन्दै प्रथम उपाध्यक्ष खत्रीले मन्त्रालयले यसलाई छलफलको प्राथमिकतामा राख्न जरुरी रहेकोमा जोड दिए ।

छलफलमा सहभागी व्यवसायीले हाल कामदारको मानसिक स्वास्थ्यलगायतका विषयमा म्यानपावर कम्पनीहरू पनि सचेत रहेको भन्दै छनोटका क्रममा मानसिक स्वास्थ्य छानबिन 'स्क्रिनिङ' गर्न एचआर अधिकृतहरूलाई लगाउने गरिएको बताए ।

**Invitation for Bids**
**Bhakti Namuna Secondary School**

**Contract Identification No: EGP/NCB/BN/ELE/080/081/02**

**Date of first publication: 30 June, 2024**

| S N | Contract Identification No. | Description of Works | Estimated Amount NRS (With VAT) | Bid Security Amount NRS | Bid Document Cost NRs |
|---|---|---|---|---|---|
| 1 | EGP/NCB/BN/ ELE/080/081/ 02 | Supply and Delivery of Laptops and Other Electronics Accessories | 23,80,000/- | 65,000/- | 3000/- |

For Details Please visit https://www.bolpatra.gov.np/

# आगामी निर्वाचनसम्म नेपाली कांग्रेस सशक्त प्रतिपक्षको भूमिकामा रहन्छ : गगन थापा

**तिल शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १५ असार




नेपाली कांग्रेसका महामन्त्री तथा संघीय सांसद गगन थापाले आफ्नो दल आगामी निर्वाचनसम्म प्रमुख प्रतिपक्षका रूपमा बस्ने बताएका छन् ।

उनले अहिले जुन दलले सरकार चलाएका छन् तिनै दललाई आगामी निर्वाचनसम्म सरकार चलाउन दिँदै कांग्रेसले सरकारको आलोचना गर्ने, विरोध पनि गर्ने र सहकार्य पनि गर्दै सशक्त प्रतिपक्षमा बस्ने बताए ।

कांग्रेसको भातृ संगठन नेपाली जनसम्पर्क समिति कतारको १७ औं स्थापना दिवस कार्यक्रमलाई सम्बोधन गर्दै गगनले उक्त कुरा बताएका हुन् ।

सरकार सञ्चालन र विकासका लागी गति र गन्तव्यको सही पहिचान गर्न नसकिएको स्वीकार गर्दै थापाले यो युगको अन्त्य पूर्व नेपाल गरिब राष्ट्रको सूचीबाट मध्यम राष्ट्रमा पुग्न सक्ने गरी लक्ष्य लिनुपर्ने बताए । यो लक्ष्य प्राप्तिका लागि पुराना नयाँ सबै राजनीतिक दलहरूले साझा मुद्दाका रूपमा लिएर मिलेर गरे मात्र सम्भव छ, यसका लागि शिक्षा र स्वास्थ्यलाई सुधार गर्नुपर्ने छ, त्यसका लागि योजनामा छलफल गर्न आफू तयार रहेको उनले बताए ।

उनले आगामी चुनावमा कोही कसैसँग गठबन्धन नगरी चुनावमा होमिनुपर्ने आवश्यकता औंल्याउँदै अन्य दललाई पनि गठबन्धन नगरी चुनावमा जान आग्रह गरे । उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उदाहरण दिँदै प्रतिफल नदिने क्षेत्रमा ऋण लिएर लगानी किन गरियो ?, विमानस्थल सञ्चालनमा आएपछि त्यहाँबाट आम्दानी गरेर ऋण तिर्न किन सकिएन भन्दै प्रश्न गरे । उनले आम्दानी नहुने क्षेत्रमा ऋण लिएर लगानी गर्दा राष्ट्रको नाममा अरबौं ऋण थपिएको हुँदा सचेत हुन आग्रह गरे । कार्यक्रममा विभिन्न वक्ताले दिएका सुझावलाई आफूले सदनसम्म लैजाने प्रतिबद्धता समेत थापाले व्यक्त गरे ।

नेपालमा संघीयताको विरोधका आवाज आफूले पनि सुनेको बताउँदै संघ र प्रदेशको संरचनामा ठिक भए पनि माननीयहरूको संख्यामा पुनर्विचार गर्दै निर्वाचन संरचनामा पनि पुनर्विचार गर्नुपर्ने आवश्यकता रहेको उनले बताए । २०८० देखि शुरु भएको ‘जनतासँग नेपाली कांग्रेस’ कार्यक्रमको नेतृत्व गर्दै गगन विभिन्न समयमा देश तथा विदेशको भ्रमण गर्ने क्रममा कतार आएका हुन् । उनले स्थानीय रूपमा सरकारले भवन तथा टावर निर्माणमा धेरै रकम खर्चिंदा राष्ट्रको ऋण बढेको कुरालाई नजरअन्दाज नगर्न सुझाव दिए । शुक्रबार ओल्ड सलातामा रहेको प्लाजा इन सभा हलमा सम्पन्न वार्षिकोत्सव कार्यक्रममा केन्द्रीय सदस्य एवम् पूर्व नेविसंघ अध्यक्ष नैन सिंह महरले राणाहरूको सिकन्जाबाट आजसम्मको प्रगति हेर्ने हो भने राजनीतिक रूपमा मात्र नभइ सामाजिक तथा विकासका गतिमा नेपालले प्रगति गरिरहेको दाबी गरे । ७ प्रतिशतबाट ९७ प्रतिशत जनताले बिजुली उपयोग गरिरहेको बताउँदै मेहरले नेपालमा प्रगती र समृद्धि भइरहेको बताए । कार्यक्रममा केन्द्रीय सदस्य एवम् जनसम्पर्क समिति समन्वय विभाग प्रमुख किरण पौडेलले हालसालै नेपालमा भएको कतारका अमिरको भ्रमणका क्रममा श्रमिकको हितमा प्रतिफल निस्कने गरी सरकारले मुद्दा उठाउन नसकेको दाबी गरे । कतारसँग समन्वय तथा सहकार्य गर्न सके नेपाल र कतारमा रहेका नेपालीले लाभ लिन सक्ने उनले बताए । उनले मातृभूमीले जति प्रवासी नेपालीलाई सेवा सुविधा दिनुपर्ने हो त्यति दिन नसकेको प्रति दुःख व्यक्त गरे ।

कतारका लागि नेपाली राजदूत महामहिम राजदूत डा.नरेश विक्रम ढकालले श्रमिकका पक्षमा काम गर्दा गर्दै सरकारले फिर्ता बोलाएकोप्रति लक्षित गर्दै आफू फिर्ता जाँदै गर्दा केही योजनाले पूर्णता नपाएको बताए । कार्यक्रममा मध्यपूर्वका जनसम्पर्क समितिका सभापति तथा प्रतिनिधिहरुले समेत आफ्ना शुभकामना मन्तव्य राखेका थिए । एनसीसी कतारका अध्यक्ष रमेश भट्टले भने,‘नेता ज्यूहरूको प्रोटोकल मिल्छ भने कतारका जेलमा नेपाल फिर्तिका लागि र अस्पतालमा रहेका बिरामी पर्खिरहेकालाई भेट्न जानुहोस् ।’

वक्ताहरूले सरकाले श्रमिकका लागि सञ्चालनमा ल्याएको सामाजिक सुरक्षा कोषमा सरकारले ट्याक्समार्फत काट्ने रकमलाई न्यूनीकरण गर्न पहल गर्न आग्रह गरेका थिए । दुई दर्जन भन्दा बढी वक्ताहरूले मन्तव्य राखेको कार्यक्रममा गगनलाई लक्षित गर्दै सरकारले डिजिटल माध्यमको भयंकर प्रचार-प्रसार गरे पनि पासपोर्टको फारममा देखिएको समस्याप्रति कटाक्ष गरे ।

‘डिजिटल युगको ठूलो कुरा गरेपनि अनलाइनबाट फाराम भर्ने सलट निरन्तर चालु गर्न किन नसकेको’ भनि प्रश्न समेत गरेका थिए । वक्ताहरूले प्रवासी श्रमिकहरूको श्रम दुई वर्षको हुने र इन्सुरेन्स ३ वर्षको किन हुन्छ ? भनि गगनलाई प्रश्न गर्दै श्रमिकका आवाज सदनमा पुर्‍याउन आग्रह गरेका थिए ।

कार्यक्रममा संस्थापक सभापति एवं महासमिति सदस्य नरेन्द्र भाट, संस्थापक महामन्त्री एवं महासमिति सदस्य विमल सुवेदी, संस्थापक सल्लाहकार तथा महासमिति सदस्य क्रान्ति सिंह, महासमिति सदस्यहरू, सल्लाहकारहरू, पूर्व पदाधिकारीहरू, राष्ट्रिय लोकतन्त्र समाजवादमा आस्थावानहरूसहित कतारमा स्थापित विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरू तथा पत्रकारहरूको विशेष उपस्थिति रहेको थियो । वार्षिकोत्सव कार्यक्रममा कलाकारहरू जिया हमाल, सोनिसा तामाङ, एलिसा साम्पाङ राई, सृजना तामाङ, सीमा मगर, जीवन खालिङ राई र सुनिल तामाङले सागितिक प्रस्तुति दिएका थिए । समितिका महामन्त्री केदार भुसालले सहजीकरण गरेको कार्यक्रममा उप-सभापति ठाकुर कुमार परियारले स्वागत मन्तव्य राखेका थिए । समितिका सभापति तथा कार्यक्रमका सभापति मोहमद अजिज अलिले वार्षिकोत्सव कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैमा आभार व्यक्त गरेका थिए । कार्यक्रममार्फत समितिका संस्थापकसहित विभिन्न सहयोगीहरू सम्मानित भएका थिए ।

# ‘आधुनिक प्रविधि किसानमाझ नपुग्दा धान उत्पादनमा वृद्धि भएन’



**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, १५ असार

रौतहटसहित देशभर शनिबार २१औं राष्ट्रिय धान दिवस मनाइएको छ । कृषि ज्ञान केन्द्र रौतहटको आयोजनामा गरुडा नगरपालिका-५ महम्मद्पुमा यस वर्षको धान दिवस धान रोप्दै, दही, चिउरा र आँप खाएर मनाइएको छ ।

सो अवसरमा गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमनी प्रसाद जयसवाल, कृषि ज्ञान केन्द्र रौतहटका प्रमुख सुरेन्द्र प्रसाद कुर्मी, नेता बृज किशोर यादव, नेता राम भरोस यादवलगायतका व्यक्तिहरुले खेतको हिलोमा धानको बेर्ना रोपेका थिए । ‘जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि’ भन्ने मूल नाराका साथ यस वर्षको धान दिवस मनाइएको हो ।

मानो रोपेर मुरी फलाउने दिनका रूपमा यस दिन अधिकांश स्थानमा रोपाइँ गरी धान दिवस मनाउने गरिन्छ । खेतमा रोपाइँ गरी दही, चिउरा खाने भएकाले यस दिनलाई दही चिउरा खाने दिनका रूपमा समेत लिने गरिन्छ ।

कार्यक्रममा गरुडा नगरपालिकाका प्रमुख जयसवालले सरकारले आजका दिनलाई दिवसका रूपमा मनाउँदै आएपनि आधुनिक प्रविधि आमकिसानमाझ पुग्न नसकेका कारण खेतीयोग्य जमिन भएर पनि धान उत्पादनमा वृद्धि हुन नसक्नु दुःखद भएको बताए ।

नेपाल कृषि प्रधान देश भएको र तराइ मधेशलाई अन्नको भण्डारको रूपमा चिन्ने गरिएको भएपनि पर्याप्त मात्रामा धान उत्पादन हुन नसक्दा भारतलगायत देशबाट खाद्यान्न आपूर्ति गर्नुपर्ने अर्थात चामल किन्नुपर्ने बाध्यता रहेको मेयर जयसवालले बताए । चाहिने जति धान आफ्नै देशमा उत्पादन गर्न सक्ने खालको योजना ल्याउन तीनै तहको सरकारले कुनै कसर बाँकी राख्न नहुनेमा मेयर जयसवालले जोड दिए ।

कार्यक्रममा कृषि ज्ञान केन्द्र रौतहटका प्रमुख कुर्मीले धानको उत्पादन वृद्धि गर्न जलवायुमैत्री प्रविधिको अनुसन्धान र विकासमा सरकारले विशेष ध्यान दिनुपर्ने आवश्यक रहेको बताए । जलवायु परिवर्तनका कारण धानलगायत बालीहरूमा परेको नकारात्मक असर न्यूनीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न जलवायुमैत्री प्रविधिको अनुसन्धान, विकास र प्रसार सरकारको प्राथमिकतामा रहेको कार्यालय प्रमुख कुर्मीले बताए ।

खडेरी तथा प्राकृतिक प्रकोप, मलबिउको अभाव, सिँचाइमा समस्यालगायत कारणले उत्पादनमा घटबढ हुने गरेको भएपनि धानको उत्पादन बढाउन स्थानीय सरकारले समेत कृषिलाई प्राथमिकता दिनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा नेकपा एकीकृत समाजवादी पार्टीका नेता बृज किशोर यादवले सरकारले कागजमा मात्र दिवस मनाउने गरेको आरोप लगाए । धान उत्पादन गर्न किसानलाई समयमा मलखाद, उन्नत जातको बिउ र सिँचाइको समस्या रहेको भएपनि सरकार किसानका समस्या समाधान गर्न उदासिन रहेको नेता यादवले बताए ।

नेपालमा ८५ प्रतिशत खेतीयोग्य जमिन रहेपनि खाद्यान्नमा अरु देशमाथि निर्भर रहनुपरेको अवस्थालाई अन्त्य गर्न उनले तीनै तहको सरकारले कृषिमा विशेष लगानी गर्नुपर्ने बताए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ कार्यालय सर्लाही र जोन कार्य क्षेत्र रौतहटका कृषि प्राविधिक सत्रुधन महतोले कार्यक्रम सञ्चालन गरेका थिए ।

# राराको सल्यरीमा आरोग्य केन्द्र स्थापना, पर्यटकलाई सहज

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १५ असार



मुगुमा रहेको नेपालकै सुन्दर राराताल पर्यटकको एक केन्द्र बिन्दु हो । रारातालको नजिकै कुनै पनि स्वास्थ्य सेवा थिएनन् । यस पटक रारा तालको नजिकै रहेको सल्लयरीमा पर्यटनमैत्री नागरिक आरोग्य केन्द्र स्थापना गरिएको छ । त्यहाँबाट स्वास्थ्य सेवा लिनेको संख्या बढ्दो क्रममा रहेको छ ।

रारातालको छेउमा कुनै पनि स्वास्थ्य केन्द्र नहुँदा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले रारा घुम्न आउर्ने पर्यटक र रारा तालको नजिक रहेका नागरिकको स्वास्थ्यलाई मध्य नजर गर्दै सेवा दिइएको छ । आरोग्य सेवा केन्द्र गएको जेठ महिनामा स्थापना गरिएको हो ।

त्यस्तै पर्यटनमैत्री नागरिक आरोग्य सेवाबाट दैनिक रारा घुम्न आएका आन्तरिक तथा बाह्य पर्यटक, मुर्मा झ्यारी, टोप्ला, सिगाढी, सल्लयरी, ढोटु, रिग्धारमा रहेको स्थानियबासीहरुले सेवा लिने गरेको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मुगुका कार्यालय प्रमुख लक्ष्मी प्रसाद पाण्डेले बताए । उनका अनुसार दैनिक सेवा लिनेहरुको संख्या ५० देखि ६० जना आउने गरेका छन् ।

‘आरोग्य सेवाबाट औषधी निःशुल्क दिनुका साथै स्वास्थ्यको लागि परामर्श स्वास्थ्य सम्बन्धी जनचेतना दिने गरेका छौं’ पाण्डेले भने, ‘हामीले योग शिक्षा समेत दिर्ने गरेका छौं । विशेषगरी घुम्न आउने पर्यटकहरुमा हाइ अल्टीच्यूट कारण टाउको दुख्ने, पेटमा समस्या देखिने गरेको छ ।’

स्थानीय नागरिकहरुमा ग्याष्टिक, अल्सर, टाउको दुख्ने महिलाहरुमा पाटेघर दुख्ने, बाथरोग, शरिर चिलाउर्ने जस्ता रोगका बिरामीहरु बढी सेवा लिन आउर्ने गरेका उनले बताए ।

यसअघि आरोग्य सेवा स्थापना नहुँदा रारा घुम्न आउर्ने पर्यटकहरुले निकै दुःख पाउर्ने गरेका थिए । उनीहरुलाई सामान्य टाउको दुख्यो, ज्वरो आएमा पनि सदरमुकाम गमगढी २, ३ घण्टा लगाएर उपचार गर्नुपर्ने बाध्यता थियो । सल्यारीमा रहेको पर्यटनमैत्री नागरिक आरोग्य सेवा केन्द्रबाट सेवा पाउँदा स्थानीय नागरिक र रारा आउने पर्यटकहरुलाई निकै सहज भएको रारा सल्यरीका होटल व्यवसायी धन बहादुर बुढाले बताए ।

उनका अनुसार राराको सल्यारीमा रहेको पर्यटनमैत्री नागरिक आरोग्य सेवा केन्द्रको थप व्यवस्थापन गर्नुपर्ने देखिएको छ । उनले भने,‘यसको लागि औजार उपकरण लगायत औषधीहरुको व्यवस्था राम्रो बनाउन सकेको खण्डमा रारा घुम्न आउर्ने पर्यटक र सल्यरी आसपासका समुदायको स्वास्थ्मा सुधार ल्याउन मद्दत्त पुग्ने देखिन्छ ।’

त्यस्तै आरोग्य सेवा केन्द्रलाई सुविधा सम्पन्न बनाउनका लागि सहयोग गर्ने छाँयानाथ रारा नगरपालिकाका नगर प्रमुख बिष्णु कुमार भामले बताए । उनले आगामी दिनमा आरोग्य सेवा केन्द्रको लागि आर्थिक र भौतिक रुपमा सहयोग हुने बताए ।

# रौतहटमा बस दुर्घटना एक जनाको मृत्यु



**मध्यान्ह संवाददाता**
रौतहट, १५ असार

जिल्लाको गरुडा नगरपालिकास्थित जयनगर चोक नजिक यात्रुबाहक बस दुर्घटना हुँदा एक युवतीको मृत्यु भएको छ भने ८ यात्रु घाइते भएका छन् । गौरबाट भैरहवातर्फ गइरहेको ना.७ खं ८४१४ नम्वरको बस गौर चन्द्रपुर सडकखण्डअन्तर्गत पर्ने गरुडा नगरपालिका वडा नम्वर १ स्थित जयनगर चोकमा शनिबार बिहान आफैं अनियन्त्रित भइ दुर्घटना भएको थियो ।

दुर्घटनामा माधवनारायण नगरपालिका वडा नम्वर ३ भेल्हीका १८ वर्षीया नेहा कुमारी गिरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

दुर्घटनाको खवर पाउनासाथ इलाका प्रहरी कार्यालय गरुडा र शिवनगरबाट उद्धारका लागि प्रहरी टोली खटाइएको थियो । उद्धार टोलीले घाइतेहरूको उद्धार गरेर स्थानीय ग्राण्डीसहित विभिन्न अस्पतालमा उपचारका लागि पठाएको थियो ।

दुर्घटनामा २६ वर्षीया रन्जु देवी दासको दाहिने हात भाँचिएको छ । उनको उपचार ग्राण्डी अस्पतालमै भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटकी प्रवक्ता प्रहरी नायब उपरीक्षक एलिजा गिरीले बताइन् ।

अन्य सात जना घाइतेहरूको शिवनगर र गरुडामा उपचार भइरहेको छ । बस चालक फरार रहेको हुँदा निजको खोजी कार्य भइरहेको उनले बताइन् । दुर्घटना सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको गिरीले जानकारी दिइन् ।

# वीरगञ्जमा उत्कृष्ट कृषकहरूलाई सम्मान



**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, १५ असार

वीरगञ्ज महानगरपालिकाले २१औं राष्ट्रिय धान दिवस भव्यताका साथ मनाएको छ । महानगरपालिकाका उपप्रमुख इम्तियाज आलमले धान रोपेर धान दिवस कार्यक्रमको उद्घाटन गरेका थिए । वीरगञ्ज महानगरपालिकाअन्तर्गत रहेको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाले २१औं राष्ट्रिय धान दिवस कार्यक्रमको आयोजना गरेको थियो । ‘धान उत्पादनमा वृद्धि : खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि’ भन्ने नाराका साथ धान रोप्ने कार्यक्रम सम्पन्न भएको छ ।

वीरगञ्ज महानगरपालिकाका उपप्रमुख एवम् कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धनका संयोजक इम्तियाज आलमको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा उत्कृष्ट कृषकहरूलाई प्रमाणपत्रसहित सम्मान पनि गरिएको थियो । कार्यक्रममा बोल्दै उपप्रमुख आलमले भने, ‘हाम्रो देश नेपाल कृषि प्रधान देश हो । धान दिवस कृषकहरूको उत्साहको पर्व हो । आज मलाई गर्व महसुस भइरहेको छ कि म पनि धान रोपेर यो पर्व मनाउँदै छु ।’ उनले बाल्यकालको स्मरण गर्दै किसानको छोरो हुनुमा गर्व लाग्ने बताए ।

वीरगञ्ज महानगरपालिका वडा नम्वर २७ का वडा अध्यक्ष हृदयनारायण कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई, विभिन्न शाखा प्रमुखहरू हरि शंकर राउत कुर्मी, रुपनारायण कुर्मी, प्रतिज्ञा बैध, सुनिल कर्ण, राम कुमार कुशवाहा, रोशनी यादवलगायत स्थानीयहरूको सहभागिता रहेको थियो ।

# अर्घाखाँचीमा धान दिवसः जलवायुमैत्री कृषि उत्पादनमा जोड

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १५ असार

‘जलवायु मैत्री कृषि, धान उत्पादनमा वृद्धि’ भन्ने मूल नाराका साथ २१ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव -२०८१ एक कार्यक्रमकाबीच अर्घाखाँचीमा सम्पन्न भएको छ ।

सन्धिखर्क नगरपालिका कृषि शाखा तथा कृषि ज्ञान केन्द्र अर्घाखाँचीद्वारा सन्धिखर्क नगरपालिका वडा नं.१ स्थित शुक्मी फाँटमा धान दिवस मनाइएको हो ।

अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्रीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सन्धिखर्क नगरपालिकाका नगर उपप्रमुख मिश्रा आचार्य, सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्य, प्रमुख कोष नियन्त्रक छबिन्द्र बेल्बासे, सशस्त्र प्रहरी नायब उपरीक्षक भिमसेन बोहरा, प्रधानमन्त्रीमन्त्री कृषि आधुनिकीकरण परियोजना प्रमुख बिष्णु मग्राती, जिल्ला समन्वय समिति सदस्य लक्ष्मण कँडेल, सन्धिखर्क नगरपालिका वडा नं.६ का वडा अध्यक्ष श्रीधर महत्रा, वडा न.१० का अध्यक्ष मोहन सिंह ठकुरी, समाजसेवी नारायण बन्जाडे, नेपाल पत्रकार महासंघका अध्यक्ष अशोक खनाल, प्रदेश सदस्य प्रेम नारायण आचार्य, नौमती बाजा सञ्चालन प्रमुख शिव शाह लगायतको उपस्थित रहेको थियो ।

सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षता भएको कार्यक्रममा कृषि ज्ञान केन्द्रका प्रमुख बुद्धिराम घिमिरे स्वागत तथा सन्धिखर्क नगरपालिका कृषि शाखा प्रमुख राजेन्द्र भट्टराईले सञ्चालन गरेका थिए । कार्यक्रममा सहभागीहरुले जलवायुमैत्री कृषि उत्पादनमा जोड दिँदै कृषिलाई प्रविधिसँग जोड्न आग्रह गरेका थिए ।

मेनपावर चाहियो
कोही आफ्नो मेनपावर बेच्न चाहनु हुन्छ भने हामीलाई सम्पर्क राख्नु होला ।
नोटः कुनै लफडा अथवा बल्याक लिष्टमा नपरेको मात्र ।
सम्पर्कः ९८२३२६०६४४, ९८१३५६२४०८



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१६ असार २०८१, आइतबार
30 June 2024, Sunday

## सम्पादकीय

# स्वागतयोग्य निर्णय

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले प्रशंसनीय पहलकदमी लिएर शुक्रबार एउटा निर्णय गरिन् । उनले लिएको मन्त्री स्तरीय निर्णय अनुसार अब माध्यमिक शिक्षा परीक्षा (एसईई) मा नन ग्रेडिङ भएका सबै परीक्षार्थीले मौका परीक्षाको अवसर पाउनेछन् । उनीहरूले आगामी साउन १८ र १९ गते मौका परीक्षा दिनुपर्नेछ । मन्त्री श्रेष्ठले लिएको यो निर्णयलाई प्रशंसनीय भनिनुमा मौका परीक्षा दिन पाउने विद्यार्थीको संख्या मुल कारण हो । यदि मन्त्री श्रेष्ठले तत्काल बैठक राखेर सबै परीक्षार्थीलाई मौका परीक्षाको अवसर दिने निर्णय नगरेकी थिइन् भने एक लाख २६ हजार २७९ जना किशोरकिशारीले अर्को वर्ष कुर्नुपर्ने थियो । किनकि दुई विषय भन्दा बढीमा नन ग्रेडिङ भएका विद्यार्थीले मौका परीक्षा दिन नपाउने व्यवस्था थियो । अर्थात् दुई विषयमा मात्रै नन ग्रेडिङ भएका परीक्षार्थी संख्या एक लाख १५ हजार ८३४ जना थियो ।

जबकी बिहीबार सार्वजनिक भएको नतिजा अनुसार ५२ प्रतिशत परीक्षार्थी (२ लाख ४२ हजार २१३ जना) नन ग्रेडिङमा परेका थिए । अर्थात् उनीहरू फेल भएका थिए । फेल भएकाले कक्षा–११ पढ्न नपाउने व्यवस्था दश वर्षपछि फेरि ब्यूताइएको थियो । २०७१ साल भन्दा अगाडि दुई विषयसम्म फेल भएकालाई मौका दिइन्थ्यो भने सबै विषय उत्तीर्ण नभएसम्म कक्षा–११ पढ्न नपाउने व्यवस्था थियो । १९९० सालदेखि चल्दै आएको एसएलसीमा यो परम्परागत प्रचलन थियो । तर २०७२ सालपछि लेटर ग्रेडिङ प्रणाली अभ्यासमा आयो । यो प्रणालीले सबै परीक्षार्थीले ल्याएको अंक ग्रेडिङ हुन्थ्यो । तर यस्तो प्रणालीले पठन संस्कृति कमजोर भएको भन्दै २०७८ मा निर्देशिका तयार पारेर सैद्धान्तिकतर्फ (लिखितमा) ३५ प्रतिशत नल्याए नन ग्रेडिङ हने व्यवस्था गरियो ।

त्यही निर्देशिका बमोजिम २०८० सालको एसईईमा ४८ प्रतिशत अर्थात् २ लाख २२ हजार ४७२ परीक्षार्थी मात्र उत्तीर्ण गराइएको थियो । यो नतिजा चर्को आलोचनामा पर्‍यो । कतिपयले परीक्षार्थी नभएर राज्य फेल भएको टिप्पणी गरे । परीक्षा दिएका मध्ये आधा भन्दा बढीलाई फेल गराएर राज्यले आफैलाई असफल घोषणा गरेको पनि विश्लेषण भयो । कतिपयले शैक्षिक गुणस्तरबारे चिन्ता गरे । किनकि परीक्षार्थीहरू फेरि पनि गणित, विज्ञान र अंग्रेजीमा फेल भएका थिए । गणितमा एक लाख ७७ हजार, विज्ञानमा एक लाख २६ हजार र अंग्रेजीमा एक लाख विद्यार्थी नन ग्रेडिङ भएका थिए । त्यसैले शैक्षिक प्रणाली र अवस्थाबारे समीक्षा गरिनु अत्यावश्यक छ । तर यति ठूलो संख्याका किशोरकिशोरीलाई निराशामा धकेल्नु पनि उचित थिएन । त्यसैले मन्त्री श्रेष्ठको पहलकदमी र निर्णय स्वागतयोग्य हो । अब शैक्षिक गुणस्तर सुधारमा ध्यान जान जरूरी छ । अयोग्य र असफल जनसंख्या तयार पारेर मुलुक अगाडि बढ्न सक्दैन ।

# नबिसौं वीरताको इतिहास

*हाम्रो इतिहास गौरव गर्न लायक छ । गौरव गर्न लायक इतिहास बनाउने पात्रहरूको उचित सम्मान हुनु वर्तमानको पनि सम्मान हो । यद्यपि, ती महान् सपुतहरूलाई सम्मान दिने काम राज्यबाट भइरहेको छैन ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

वीर बहादुर शाह नेपालको इतिहासका यस्ता नाम हुन्, जसको वीरतालाई हामी नकार्न सक्दैनौ । ४० वर्षकै उमेरमा मृत्युवरण गरेका शाहले देशको नक्सा तेब्बर बनाएका थिए । उनलाई राजाहरूको सूचीमा मात्रै राखिनु अन्यायपूर्ण हुन्छ । यस लेखमा हामी इतिहासको त्यो पाटोलाई केलाउने छौँ, जसको सही मूल्याङ्कन हुन सकेको छैन । जसरी वीर बहादुर शाहको सम्मान हुन सकेन ।

'ने' नामक तपस्वी मुनिले बस्ती बसालेकोले देशलाई नेपाल भनिएको हो । युगौँदेखि यसको छुट्टै अस्तित्व रहेको थियो । संस्कृत भाषामा नयेन पाल्यते इति नयपालः भनिन्छ । न्यायद्वारा धर्मको समेत रक्षा गरी जहाँ राज्य सञ्चालन हुन्छ, त्यो राज्यलाई नेपाल भनिएको हो । संस्कृत भाषा नयपाल अपभ्रंश हुँदा नेपाल भएको हो ।

यो हिमालयको काखमा रहेको छ । यो शिव र शक्ति अर्थात् महादेव र पार्वतीको बासस्थल हो । सतीदेवीले आफ्नो प्राण त्याग गरेपछि शिवकै इच्छाअनुसार हिमालय पर्वत राज पुत्री भएर यसै हिमालय क्षेत्रमा जन्म लिई श्री शिवलाई पुनः प्राप्त गरेकी हुन् । सतीदेवीको पछिल्लो रूप हिमालय पर्वतराज महारानी मेनकाको गर्भबाट पार्वतीको रूपमा जन्म भएको हो । हिमालयको शिखर सगरमाथाको प्राचीन नाम व्योमकुट हो, जुन विश्वमै सर्वोच्च छ । सगरमाथा नामकरण धेरै पछि हाल आएर मात्र भएको हो । पर्वत पुत्री भएकीले देवीको नाम पार्वती भएको हो । उनलाई शिवा, भद्रा, उमा आदि नामले पुकारिन्छ ।




श्रीमद्भागवत् र देवी भागवत् पुराणहरूमा कलीयुगीन राजा महाराजाहरूको चर्चा भएको छ । राजनैतिकरूपमा दृष्टिगत गर्दा नेपालमा पहिले गोपालबंशीहरूले राज्य गरेका थिए । भुक्तमान, जय गुप्त, परमगुप्त, यज्ञ गुप्त आदि राजाहरूले ५०० वर्षसम्म राज्य गरे । त्यसपछि महिपाल (जसलाई अहिर भनिन्छ)हरूले शासन गरे । सुरुमा नेपाल भन्नाले काठमाडौँ उपत्यका मात्रलाई जनाउँथ्यो । मूल सिंह, जय सिंह, भुवन सिंह राजाहरूले झण्डै १०० वर्ष राज्य गरेपछि उपत्यकाको राज्य सञ्चालनको जिम्मा किराँतहरूले लिए । प्राचीन शासकहरू झैं किराँतीहरू पनि शिव भक्त नै थिए । एक हजार वर्षसम्म करिब यिनीहरूले राज्य गरे । यलम्वरलाई किराँतकालीन प्रथम शासक मानिएको कुरा इतिहासविद्हरू बताउँछन् । बौद्ध धर्मको पनि बाहुल्यता भएको कुरा विदेशी लेखक राइटले बताएका छन् । काठमाडौंमा स्वयम्भू चैत्य र बौद्ध स्तूपहरू भव्यरूपमा निर्माण हुनुले यो कुराको थप पुष्टि हुन्छ । नेपालको इतिहास स्थापना गर्ने कार्यमा महा मुनि मञ्जुश्रीको नाम अग्रस्थानमा रहेको पाइन्छ । पशुपति मन्दिर परिसरमा स्थापित वि.सं. ७९० को अभिलेखमा लिच्छवी वंशका प्रथम राजा जयदेव प्रथम भनिएको छ । प्रसिद्ध कैलाशकुट भवन, चाँगुनारायणको मन्दिर, बुढानीलकण्ठ स्थान आदिको स्थापनामा मानदेवको नाम अग्रणी रूपमा आउँछ । इतिहासले राजा मानदेवलाई प्रथम लिच्छवी राजा मानेको छ । राजा मानदेव आफू शैव थिए र उनले शिव मन्दिरहरू धेरै निर्माण गर्न लगाएका थिए भनिन्छ । उनका पालामा धेरै बौद्ध स्तूपहरूको पनि निर्माण भएको थियो । जे होस् मानदेव, अंशुवर्मा एवम् नरेन्द्रदेवका पालामा हिन्दु र बौद्ध धर्मको प्रचार प्रसार व्यापकरूपमा भएको थियो ।

वि.सं. ९३७ सँगसँगै नेपाल मल्लकालीन समयमा अवतरण हुन्छ । मल्ल शासनकालका प्रथम राजा अरिमल्ल उनका छोरा अभय मल्ल र यसपछि क्रमशः जयस्थिति मल्लको अभ्युदय भएको पाइन्छ । यक्ष मल्लको समयमा आइपुग्दा नेपालको सीमाकंन विस्तृत भएको र छोराहरूलाई राज्य सुम्पदा काठमाडौँ, भक्तपुर र पाटन छुट्टिएको देखिन्छ । भक्तपुरमा भुपतीन्द्र मल्लद्वारा बनाउन लगाइएका कला कौशलले पूर्ण मन्दिरहरू धेरै छन् । पाटनमा सिद्धिनरसिंह मल्लले बनाउन लगाएका कलाकारिताले पूर्ण भएका मन्दिरहरू धेरै छन् । काठमाडौंमा प्रताप मल्लका पालामा बनेका सयौं मन्दिरहरू छन् भने रानी पोखरी पनि उनकै पालामा बनेको हो । साबिक समयमा नेपालका शासकहरू सिधै भगवानसँग वार्ता गर्न सक्थे भनिन्छ । सपनामा दर्शन हुने, न्यायको, नैतिकताको आधारमा राज्य सञ्चालन हुने, आवश्यकताअनुसार ईश्वरकै सदिच्छाअनुसार मठ मन्दिरहरू बन्ने गरिन्थ्यो । हनुमान ढोका, कुमारी स्थान, प्रसिद्ध काल भैरवको मूर्तिको स्थापना कार्यले हाम्रो मल्लकालीन इतिहास दैवी शक्तिमा पूर्ण थियो भन्न सकिन्छ । सोह्रौं शताब्दीमा आइपुग्दा मल्ल शासकहरूमा आपसी बैमनस्यता देखिएकाले उनीहरूको आफ्नो शक्ति पनि गुम भएको स्पष्ट हुन्छ । वि.सं. १८२५ मा आइपुग्दा गोर्खाका पृथ्वीनारायण शाहले काठमाडौँ, भक्तपुर एवम् ललितपुरका अन्तिम मल्ल राजाहरू क्रमशः जयप्रकाश मल्ल, रणजीत मल्ल र तेजनरसिंह मल्लमाथि विजय प्राप्त गरी नेपालको एकीकरण अभियान प्रारम्भ गरेका हुन् ।

> *नेपालको इतिहास खोज्दा, यसको अस्तित्व अनन्तकालसम्म जोडिएको भेटिन्छ । सत्ययुगमा यसको नाम सत्यवती थियो । राम राज्यका समय, त्रेतामा यसको नाम तपोवन रहन पुग्यो । महाभारत कालीनद्वापरमा यसको नाम मुक्ति क्षेत्र रहन गयो । हालको समय यसको नाम नेपाल रहेको छ ।*

सरदर १९३ कि.मि. उत्तर-दक्षिण चौडाइ र पूर्व-पश्चिम सरदर ८८५ कि.मि. लम्बाई क्षेत्र ओगटेको यसको क्षेत्र पूर्वी भागको अपेक्षा पश्चिम भाग फराकिलो छ । भौगोलिक दृष्टिले विश्वमान चित्रमा सानो आकार भए पनि विश्वको शिखर सगरमाथाको कारण र विश्वमै नौलो प्राकृतिक, सांस्कृतिक, सामाजिक परिवेश भएकाले यो मुलुकप्रति सबैको चासो बढ्नु स्वाभाविक हो । यसको कूल भू-भागको झन्डै ७७ प्रतिशत उच्च हिमाली क्षेत्र र पहाडी क्षेत्र तथा झन्डै २३ प्रतिशत क्षेत्र तराई भाग (समथर)मा पर्छ । धरातलीय आधारमा यसलाई हिमाली, पहाडी र तराई गरी तीन क्षेत्रमा वर्गीकरण गरिएको छ भने अपार जल स्रोतको भण्डार रहेको यो मुलुक पर्यटकहरूको आकर्षणको केन्द्र बिन्दु बनेको छ । उत्तर तिब्बततर्फ सिमाना २५ कि.मि.देखि ५० कि.मि.सम्मको चौडाइमा रहेको यसको क्षेत्रले करिब १५ प्रतिशत भू-भाग ओगटेको छ भने अग्ला हिम शिखर कञ्चनजंघा, मकालु, ल्होत्से, मनासलु, धवलागिरिसम्म यसै क्षेत्रमा पर्छन् । शेर्पा, थकाली, भोटे आदिको अधिक बस्ती यो क्षेत्रमा आधुनिक विकासको न्यानो घाम लाग्न सकेको छैन । बौद्ध धर्मावलम्बीहरूको अधिक बाहुल्यता रहेको यो हिमाली क्षेत्रमा सञ्चार, यातायात, शिक्षा, विद्युत् जस्ता विकासका पूर्वाधार तयार गर्न ढिला भैसकेको छ । ७७ जिल्लामध्ये १६ वटा जिल्ला ओगटेको हिमाली क्षेत्रको संस्कृति छुट्टै किसिमको शैलीसमेतले नेपालको पहाडी क्षेत्र आफ्नै महत्वको छ ।

समुद्रबाट टाढा रहेका कारण तेस्रो मुलुकसँग सम्पर्क गर्न कठिनाइ भएको यो क्षेत्र समुद्र सतहदेखि ६०० देखि ३००० मिटरसम्मको उचाइमा रहेको छ । पूर्व-पश्चिम कडा चट्टानी भाग रहेको यो क्षेत्र ७५ कि.मि. देखि १२५ कि.मि. चौडाइ पूर्व पश्चिम फैलिएको छ । यो पहाडी क्षेत्रले कूल भू-भागको ६८ प्रतिशत क्षेत्र ओगटेको छ । महाभारतको लेक, रारा, ताल, फेवा ताल, शिवालिक पहाड जस्ता ऐतिहासिक धरोहर बोकेको पहाडी क्षेत्रकै कारण यो मुलुकलाई पहाडी मुलुक भनिएको छ । गण्डकी, कोशी, कर्णाली, सुनकोसी, त्रिशूली, महाकाली जस्ता अति पवित्र नदीहरू यहीँ छन् । स्वर्गबाट झरेका, शिव जटाबाट बगेका पावन नदीनालाहरूले हिमाली क्षेत्रदेखि यस भू-क्षेत्रसम्मलाई पवित्र पार्दै भारतको प्रसिद्ध क्षेत्र गंगासागरसम्म पुगेका छन् । अयोध्याको क्षेत्रमा बग्ने पवित्र सर्यु नदी नेपाल पश्चिम क्षेत्रकी महाकाली हुन् । बागमती, विष्णुमती आज भोलि प्रदूषित देखिए पनि तिनको उद्गम क्षेत्र शिवपुरी स्वयम् शिव जटा नै हो । गहिरो अरुण, पूर्वको कोसी अनि बहु-चर्चित मेलम्ची पनि यिनै पहाडी क्षेत्रबाट बगेकी छन् । नेपालको इतिहास खोज्दा, यसको अस्तित्व अनन्तकालसम्म जोडिएको भेटिन्छ । सत्ययुगमा यसको नाम सत्यवती थियो । राम राज्यका समय त्रेतामा यसको नाम तपोवन रहन पुग्यो । महाभारत कालीनद्वापरमा यसको नाम मुक्ति क्षेत्र रहन गयो । हालको समय यसको नाम नेपाल रहेको छ । सुगौलीको सन्धि पूर्व यसको क्षेत्र विशाल थियो । ईश्वरको नवौं अवतार बुद्धको जन्मभूमि नेपाल तराई क्षेत्रमा छ । पवित्र लुम्बिनीलाई अन्तर्राष्ट्रिय जगतले नियालेर हेरिरहेछ । अहिंसा परमो धर्म नेपालको शान्ति, मैत्री र अहिंसा विश्वको लागि उदाहरण बन्नु नै पर्ने हुन्छ ।

सबै वैदिक सनातन धर्मका आदिम स्रष्टा विश्व साहित्यका आदि कवि वेदव्यास, महर्षि वाल्मीकिसमेतको तपस्थली नेपाल भूमि नै हो । त्रेताका सूर्यवंशी राम आफ्ना पितृ उद्धार गर्न नेपालको पश्चिम क्षेत्र डोटीमा आएका थिए । साथमा रहेकी सीताको नामले सेती नदी अहिलेसम्म बग्दैछ । विश्व साहित्यका प्रणेता व्यास, वाल्मीकिलगायत उच्च विशिष्ट व्यक्तिहरूबाट तयार भएको वेद, उपनिषद्, पुराणका ग्रन्थ तथा हिन्दु, बौद्ध सभ्यतालाई बडो भरपर्दोरूपले व्यवस्थित गरिराखेको छ एसियन सिभिलाइजेशन म्युजियम सिंगापुरले ! वीरबहादुर शाहको नाम इतिहासमा दर्ज भएको छ, हामीले बिर्सनु हुन्न, भर्खरै पंक्तिकारले गोरखाको भ्रमण गर्दा पनि भ्रमण टोलीलाई सोको स्मरण गराएको याद आइरहेको छ । हाम्रो इतिहास गौरव गर्न लायक छ । गौरव गर्न लायक इतिहास बनाउने पात्रहरूको उचित सम्मान हुनु वर्तमानको पनि सम्मान हो । यद्यपि, ती महान् सपुतहरुलाई सम्मान दिने काम राज्यबाट भइरहेको छैन ।

## सामाजिक सञ्जाल



- माधव ढुंगेल

एसईई परिणाम : ५२ प्रतिशत फेल भए रे ! एसएलसी फेरेर नाम एसईई बनाउनुको अर्थ के ? ३५ वर्षअघि पास दर जति थियो, अहिले पनि त्यही दर छ । राज्यको अर्बौं लगानी खेर गइरहेछ । पढाइ र परीक्षा प्रणालीमा समस्या छ । रूखमुनि राखेर पढाए पनि उत्कृष्ट शिक्षक बिना शिक्षाको स्तर सुध्रिन्न ।



- सेतेमान तामाङ

हरेक क्षेत्रको अवस्था जुनसुकै होस् उहीँ वाक्कदिक्क बाहेक केही छैन । शैक्षिक, स्वास्थ्य, अर्थ, न्याय, प्रशासनिकलगायत राज्यको सरोकारवाला क्षेत्रको अवस्था दर्दनाक छन् । अनि त्यो क्षेत्रमा ज-जसले नेतृत्व गरेका छन् त्यो जिम्मेवारी उनले लिनुपर्छ कि पर्दैन ? हरेक व्यक्ति, हरेक निकायमा जिम्मेवार बनौं ।



- सूर्यराज आचार्य

कार्यकारी तथा नेतृत्व तहको जिम्मेवारीका लागि विषयवस्तुको ज्ञान र अनुभव हुनु निकै महत्वपूर्ण । तर, राजनीतिक प्रकृतिको जिम्मेवारीका लागि भने राजनीतिक संस्कार र सामुहिकताको भाव झनै महत्वपूर्ण हुन्छ । विचार/आदर्श बिना पपुलिजमको आधारमा मात्र गरिने राजनीतिले संस्कार विकास हुन दिँदैन ।



- रमेशनाथ पाण्डे

आठ वर्षदेखि राष्ट्र बैंकमा रद्दी कागजको खोस्टो बनेको सात करोड भारू नेपाल भारत सम्बन्ध धमिलिएको देखाउने ऐना हो । राष्ट्रपतिको 'टेलिफोन कूटनीति'को रहरपछि पाँच जना प्रधानमन्त्रीहरुको सात पटकको दिल्ली दौडले सम्बन्ध सुधारको ढोकामा लागेको भोटे ताल्चा खोल्ने कूटनीतिक सीप देखाउन सकेको छैन ।

## तपाईंको राशिफल

मेष : जीवनसाथीसँग राम्रो सम्बन्ध राख्नुहोला । धेरै व्यस्तता रहनेछ ।

वृष : सामाजिक कार्यमा समय खेर जान सक्छ । नयाँ योजना बन्ने समय छ ।

मिथुन : रिसले गर्दा काम खराब हुने योग देखिन्छ ।

कर्कट : हतारमा फैसला गर्नु हुँदैन । निवेशको लागि राम्रो समय छ ।

सिंह : वैदेशिक यात्रा हुने योग छ । व्यक्तिगत काममा सफलता मिल्नेछ ।

कन्या : धन लेनदेनमा सावधानी राख्नुहोला । स्वास्थ्यमाथि ध्यान दिनुपर्छ ।

तुला : राजनैतिक सहयोग प्राप्त हुनेछ । आत्मविश्वासमा वृद्धि हुनेछ ।

वृश्चिक : पारिवारिक खर्च धेरै हुने समय छ । अलि रोकावटपछि सफलता मिल्नेछ ।

धनु : भाग्य राम्रो रहनेछ । पारिवारिक जीवन सुखमय रहनेछ ।

मकर : अनावश्यक खर्च हुने योग छ । विवाद गर्नु हुँदैन ।

कुम्भ : महत्वपूर्ण भेटघाट हुनेछ । खर्चमाथि नियन्त्रण राख्नु होला ।

मीन : जोखिम भएको कार्यमा धन लगाउन हुँदैन । अनावश्यक खर्चको योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# शिक्षाभित्रको बेथिति र एसईई नतिजा

विचार



● खिमराज गिरी

*गत वर्षको तुलनामा भन्दा यस वर्ष एसईई दिने परीक्षार्थीको नतिजा धेरै नै खस्केको पाइएको छ र, माध्यमिक तहमा मात्र नभईकन नेपालको माथिल्लो तहको अध्ययनमा पनि धेरै नै खस्किँदो स्थिति छ । यसको पछाडिको कारण के हो ? कमजोर विद्यार्थी या शिक्षक या अभिभावक ? कसलाई दोष दिने ?*

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा एसईई २०८० को नतिजा यही असार १३ गते सार्वजनिक गर्‍यो । बोर्डले यसपटक नयाँ ग्रेडिङ्ग प्रणालीअनुसार नतिजा सार्वजनिक गरेको छ । जम्मा सहभागी ४ लाख ४४ हजार ७८५ विद्यार्थीमा २ लाख ४२ हजार ९२ अर्थात् ४७.८६ प्रतिशतले मात्र ग्रेडिङ प्राप्त गरेको पाइयो । तर, ५२.१४ प्रतिशत विद्यार्थी भने नवग्रेड भएसँगै तिनको भविष्य कता जान्छ भन्ने कुरामा अन्यौलता छाएको छ । खासमा यस वर्ष सैद्धान्तिकतर्फ ७५ पूर्णाकंमा ३५ अंक प्राप्त नगरेका विद्यार्थी नन ग्रेडमा परेका हुन् । तर, दुई विषयमा एनजी पाएका विद्यार्थीले भने लगत्तै साउनको १८ र १९ गते मौका परीक्षा दिन पाउने भएका छन् ।

यसरी गत सालको तुलनामा यस वर्ष भने एसईई दिने परीक्षार्थीको नतिजा धेरै नै खस्केको पाइएको छ । र, माध्यमिक तहमा मात्र नभईकन नेपालको माथिल्लो तहको अध्ययनमा पनि धेरै नै खस्किँदो स्थिति छ । यसको पछाडिको कारण के हो त ? कमजोर विद्यार्थी या शिक्षक या अभिभावक ? कसलाई दोष दिने ? यसमा धेरै शिक्षाविद्हरू तथा जानकारका अनुसार केही हदसम्म विद्यार्थी तथा शिक्षकको पठनपाठन प्रक्रियामा दोष देखिएता पनि अझ दोष त नेपालको शिक्षा प्रणालीमा नै छ । रचनात्मकभन्दा कण्ठ गर्ने खालको पढाइ छ, विद्यालय शिक्षाको समग्र प्रणाली नबदलेसम्म ग्रेडिङमा पर्नेभन्दा नपर्ने विद्यार्थी संख्या बढी हुने नतिजा आइराख्छ । यसरी विदेशी मुलुकहरूमा हेर्ने हो भने बालबालिकाहरू पाँच वर्ष नपुगीकन विद्यालय पठाउँदैनन् । तर हाम्रो यहाँ भने अभिभावकलाई कार्यालयको काममा जाने व्यस्तताले अढाई वर्षका बाबु-नानी हुन नपाउँदै विद्यालय खेदिएका हुन्छन् र तिनीहरूको बालमष्तिष्कबाट नै घरपरिवारबाट टाढिने रोगले नैराश्यता छाएको हुन्छ । त्यसको असर जीवनभर परि नै रहन्छ । अर्कोतिर हाम्रो पाठ्यक्रममा सधैं बाजेका पालादेखिको सैद्धान्तिक ज्ञानको खाका मात्र तयार गरिन्छ तर, व्यवहारिक ज्ञानलाई त्यति महत्वकासाथ हेरिँदैन । छिमेकी देश चीनका प्रायः सहर तथा गाउँहरूमा एक कक्षादेखि नै विद्यार्थीको दिमाग जाँच गरेर उ के कुरामा फिट हुनसक्छ त्यही विषयतर्फ अध्ययन गराउने प्रचलन छ । एउटा ल्याबमा हरेक प्रकृतिका संरचना जस्तैः बत्ती, पानी, भेइकल मेकानिकल, इलेक्ट्रोनिक्स सामानहरू, विज्ञानसम्बन्धी, कृषि सम्बन्धी सामाग्री, उद्योग, साहित्यका संकेत तथा विविध सामाग्रीहरू राखेर विद्यार्थीलाई केही समय त्यहाँ रमाउन दिइन्छ र बाहिरबाट अब्जर्भ गरेपछि कुन विद्यार्थीको मनस्थिति के विषयमा छ त्यही क्षेत्रमा उसको पढाई सुरु हुन्छ । तबमात्र जीवनको केही अध्याय पार गरेका विद्यार्थीहरू पछि तिनै कोही डाक्टर, कोही इन्जिनियर, कोही पाइलट कोही कृषि विज्ञ बनेर निस्किन्छन् । विश्वविद्यालयको अध्ययन पूरा भएपछि अनिवार्यरूपमा ग्रामीण क्षेत्रलाई प्राथमिकतामा राखिएको हुन्छ र, त्यो विज्ञ व्यक्तिको विज्ञता अब गाउँ-गाउँमा फैलाइन्छ । यसको लागि प्रत्येक नागरिकहरूलाई पहिला नैतिक तथा व्यवहारिक शिक्षामा जोड दिइन्छ । तब मात्र अनुशासनको दायरामा बाँधिएपछि त्यहाँ न त नैतिक धरातल कमजोर न त त्यो देशमा भ्रष्ट्राचारको मोलमोलाइ । अनि विकासमा अब्बल कहलिन्छन् ।

तर, नेपालको शिक्षा प्रणालीमा भने पृथ्वीनारायण शाहको पालामा भएका कतिपय पाठ्यक्रमलाई अझै पनि राखिएको छ । परिवर्तनको लागि त व्यवहारिक शिक्षामा नै जोड दिनुपर्छ भन्ने मानसिकता हाम्रा कतिपय फिलोसोफरहरूमा पनि पाइँदैन । पहिलाको जस्तो घोकन्ते विद्या धावन्ते खेती भनेर अब काम छैन । त्यसैले जबसम्म हाम्रो शिक्षा प्रणालीमा सुधार गरिँदैन र शिक्षकहरूलाई केही सुविधा थप दिएर पनि यस क्षेत्रमा लगाव राख्न लगाइँदैन तबसम्म शिक्षकहरू राजनीति गरेर हिँड्ने विद्यार्थीहरू पनि आठ कक्षा पढ्न पाएको छैन, यो दल र उ दल भनेर हिँड्ने हो भने नेपालको शिक्षा क्षेत्र सदैव अहिलेको एसईईको नतिजा जस्तै हुनेछ । यसको लागि सरोकारवालाले समयमा नै सोच्न जरुरी भइसकेको छ ।

# पानामा पेपर्स मुद्दामा २८ प्रतिवादीलाई सफाइ



**काठमाडौं/एजेन्सी–** पानामाको एक अदालतले 'पानामा पेपर्स' अन्तर्राष्ट्रिय कर छली काण्डको केन्द्रबिन्दु रहेको कानूनी संस्था (ल फर्म) मोसाक फोन्सेकामा सम्पत्ति शुद्धिकरण (मनी लाउन्ड्रिङ)को आरोप लागेका २८ जनालाई शुक्रबार सफाइ दिएको छ।

सफाइ पाउनेमा कम्पनीका संस्थापक जर्गेन मोसाक र रेमन फोन्सेका पनि रहेका छन् । रेमनको मे महिनामा पानामाको एक अस्पतालमा मृत्यु भइसकेको छ । गत अप्रिलमा पानामा सिटीमा भएको सुनुवाइका क्रममा अभियोजन पक्षले दुवैलाई १२ वर्षको जेल सजाय माग गरेको थियो । तर न्यायाधीश बालोइसा मार्क्विनेजले कानुनी ल फर्मको सर्भरबाट लिइएको प्रमाण प्रक्रियाअनुसार संकलन नगरिएको पाइएपछि उक्त जोडी र अन्य २६ जनालाई सफाइ दिएका छन् ।

'बाँकी प्रमाणहरु प्रतिवादीहरुको आपराधिक जिम्मेवारी निर्धारण गर्न पर्याप्त र निर्णायक नभएको' फैसला न्यायाधीशबाट भएको अदालतद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

सन् २०१६ मा मोसाक फोन्सेकाबाट चुहावट भएका कागजातहरुले विश्वका कति धनाढ्यहरुले अफशोर कम्पनीहरुमा सम्पत्ति लुकाएका थिए भन्ने खुलासा गरेको थियो ।

बेलायतका पूर्वप्रधानमन्त्री डेभिड क्यामरुन, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, फुटबल स्टार लियोनल मेस्सी, अर्जेन्टिनाका तत्कालीन राष्ट्रपति माउरिसियो म्याँक्री र स्पेनी फिल्म निर्माता पेड्रो अल्मोडोभरलगायतलाई पनि मुद्दा चलाइएको थियो ।

पनामाका अभियोजकहरुले मोसाक र फोन्सेकाले अपारदर्शी कम्पनीहरु सिर्जना गर्न मद्दत गरेको आरोप लगाएका थिए। कम्पनीमा जर्मन बहुराष्ट्रिय सिमेन्सका अधिकारीहरुले कम्पनीको आधिकारिक खाताभन्दा बाहिर लाखौं यूरो जम्मा गरेका थिए ।

उनीहरुमाथि अर्जेन्टिनामा भएको ठूलो ठगीबाट पैसा झिक्न सहयोग गरेको आरोप पनि लगाइएको थियो। मोसाक र अन्य प्रतिवादीका वकिल गुइलेर्मिना म्याकडोनाल्डले एएफपीसँग भने, 'न्याय भएको छ, हामी न्यायाधीशको फैसलाबाट अत्यन्त सन्तुष्ट छौं। तर हामी अलि दुःखी छौं सुनुवाइका क्रममा हामीले रेमन फोन्सेकालाई गुमाएका छौं र उहाँले यो नतिजा देख्न सक्नुभएन । यसप्रति हामी दुःखी छौं ।'

'इन्टरनेसनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नलिस्ट्स (आईसीआईजे)' ले सन् २०१६ को अप्रिल ३ मा 'पानामा पेपर्स' प्रकाशन शुरु गरेको आठ वर्षपछि यो मुद्दाको सुनुवाइ शुरु भएको हो। मोसेक फोन्सेकाबाट एक करोड १५ लाख भएका कागजातमा आधारित यो अनुसन्धानले विश्वभरका व्यक्तित्वहरुले कर छल्न वा सम्पत्ति शुद्धीकरण गर्न सम्पत्ति, कम्पनी, सम्पत्ति र मुनाफा कसरी लुकाएको छन् भन्ने खुलासा गरेको छ । अनुसन्धानअनुसार, यसका लागि उनीहरुले केही अवस्थामा अवैध गतिविधिहरुबाट आएको फर्ममार्फत कम्पनीहरु सिर्जना गरेको, बैंक खाता खोलेको र पैसा लुकाउन धेरै देशहरुमा उप शाखा (फाउन्डेसन)हरु सिर्जना गरेको देखिएको छ ।

# श्रीलंकामा खाद्यान्नको मूल्य वृद्धि



**काठमाडौं/एजेन्सी–** संकटग्रस्त श्रीलंकाको वार्षिक मुद्रास्फीति मे को ०.९ प्रतिशतको तुलनामा जुनमा करिब दोब्बर भई १.७ प्रतिशत पुगेको छ । श्रीलंकाले आफ्ना ऋणदातासँग १० अर्ब अमेरिकी डलरको ऋणको पुनर्संरचना गर्न सम्झौता गरेको केही दिनपछि जनगणना तथा तथ्यांक विभागको यो तथ्यांक सार्वजनिक भएको हो ।

खाद्यान्नमा अघिल्लो बर्षको जुनको तुलनामा १.०४ प्रतिशतले मूल्य वृद्धि भएको विभागले जनाएको छ । सन् २०२२ मा श्रीलंकाले आफ्नो विदेशी ऋण नतिरेपछि आर्थिक संकट उत्कर्षमा पुगेको बेला मुद्रास्फिति बढेर करिब ७० प्रतिशत पुगेको थियो ।

श्रीलंकाको केन्द्रीय बैंकले सन् २०२४ का लागि समग्र मुद्रास्फीति ५.० प्रतिशतभन्दा तल राख्न सक्षम हुने आशा व्यक्त गरेको छ । देशमा यसै वर्ष राष्ट्रपतिको निर्वाचन हुन लागेको छ र विपक्षी दलहरूले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को बेलआउटका शर्तहरूमा पुनः छलफल गर्ने प्रतिबद्धता जनाएका छन्। यसले गर्दा कडा मितव्ययिताका उपायहरू अपनाइएका छन् । आईएमएफले प्रतिद्वन्द्वी राजनीतिक दलहरूको वैकल्पिक प्रस्तावहरू सुन्न इच्छुक रहेको बताएको छ, तर बेलआउटमा निर्धारित महत्वपूर्ण शर्तहरू पालना गर्नुपर्नेमा जोड दिएको छ ।

## लेकम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

**जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ**
**जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र निःशुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।**

#### जन्म
जन्म दर्ता गराउँदा चाहिने कागजातहरु:
- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पछिल्लो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन ।

#### मृत्यु
मृत्यु दर्ताका लागि चाहिने कागजातहरु:
- मृतकको नागरिकताको प्रमाणप्रत्र (नागरिकता बनेको भएमा) वम जन्मदर्ता (नागरिकता नबनेको भएमा),
- सूचकको नागरिकता
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीटिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण ।

#### विवाह
विवाह दर्ता गराउँदा चाहिने कागजातहरु:
- विवाह दर्ता गर्न पति र पत्नि दुवै सूचक हुनुपर्छ,
- दुलाहा दुलहीको नागरिकता प्रमाणपत्र वा राष्ट्रियता खुल्ने कागज,
- दुलाहा वा दुलही दुवैको हालै खिचेको अटो साईजको फोटो,
- अदालतबाट नाता कायम भएको अवस्थामा नाता कायमको कागज,
- कुनै एकजना विदेशमा रहेमा विदेश स्थित नेपाली नियोगबाट प्रमाणित अधिकृत बारेसनामा ।

#### सम्बन्ध विच्छेद
सम्बन्ध विच्छेद दर्ता गराउन चाहिने कागजातहरु:
- सूचकको नागरिकता प्रमाणपत्र,
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसला,
- विदेशीमा सम्बन्ध विच्छेद भएको हकमा त्यहाँको प्रचलित कानूनअनुसार सम्बन्ध विच्छेद भएको प्रमाणपत्र र कुटनीटिक नियोगबाट प्रमाणित भएका अंग्रेजी भाषाका कागजातलाई नोटरी पब्लिकबाट अनुवाद गरेको वा कन्सुलर सेवा विभागबाट प्रमाणितकरण गरेको सक्कल प्रति ।

#### बसाइँ सराइ
बसाइँ सराइ दर्ताका लागि चाहिने कागजातहरु:
बसाइँ सरेर जादा चाहिने कागजातहरु :
- लगत हस्तान्तरण फारम,
- बसाइँ सराइ गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ बर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्र र १६ बर्ष भन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र,
- परिवारका सम्पूर्ण सदस्यको सबै व्यक्तिगत घटना दर्ता गरेपछि मात्र बसाइँ सराइ दर्ता गर्नुपछ ।

बसाइँ सरेर आउँदा चाहिने कागजातहरु:
- लगत हस्तान्तरण फाराम,
- बसाइँ सराइ गरेर आउँदा घरमुली वा सूचकको नागरिकता

*बसाइँ सराइ गरेर जाँदा (जुन ठाउँबाट जान लागिएको हो) र आउँदा (बस्न लागिएको नयाँ ठाउँ) दुबै ठाउँमा घटना दर्ता गर्नुपछ ।*

## बृन्दावन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बिश्रामपुर, रौतहट
मधेश प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव स्वीकृतको आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८१।०३।१४**

यस बृन्दावन नगर कार्यपालिकाको कार्यालयको मिति २०८१।०१।२३ गतेको राष्ट्रिय दैनिक पत्रिका र सार्वजनिक खरिद अनुगमनको ई पोर्टल https://www.boltra.gov.np/egp मा समेत प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रित पुर्वक विधुतीय प्रणाली (E–Bid) को मध्यमबाट दर्ता भएका बोलपत्रदाताहरु मध्ये तल उल्लेखित बोलपत्रदाताको बोलपत्र प्राविधिक र आर्थिक प्रस्ताव मुल्यांकन भई सारभूत रूपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर र पी.एस. सहित) |
|---|---|---|---|
| १. | Mun/Brindawan/NCB/ Works/09/2080/081 | JV Name: Tirupati Balaji/ Akash JV, Parsa 04, Sarlahi | रू. ४०००७८७७.५८।- (अक्षरेपि चार करोड सात हजार आठ सय सतहत्तर रुपैया र पैसा अन्ठाउन्न मात्र) |
| २. | Mun/Brindawan/NCB/ Works/10/2080/081 | JV Name: Jana Aadarsha/S.B/Star Jv Add: Banepa–06, Kavre | रु. ५३०५१४१६.०३/- (अक्षरेपी पाँच करोड तीस लाख एकाउन्न हजार चार सय सोन्ह रुपैया पैसा तीन मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

## UAE मा बैदेशिक रोजगारको अवसर

कम्पनी:- JPM Associates Technical Services LLC , Abu Dhabi, UAE पून विज्ञापन
पूर्व स्वीकृति मिति : २०८०।०७।०३ चलानी नम्बर:- ६०२०९४१३ Lt No:294031

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 66 | - | स.काममा दक्ष | 800 | २९,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १५००/- | निशुल्क |

अन्तर्वार्ता २०८० कार्तिक २० गते (6 Nov., 2023) मेनपावर कार्यालय तिनकुनेमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

**ब्रोडलिंक ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. १०७/०६७/६८
तिनकुने, काठमाण्डौं, फोन नं. ५१९९३७८, Email: broadlink907@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNICAL CURVE WEBSITE DESIGN COMPANY शहर: Doha
पूर्व स्वीकृत मितिः २०८१/०३/१४ चलानी नं.: ६०२२१६९१ LT. No.: 306965

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९१,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 15 | 0 | | 1000 | ३६,५१० | | | | | | | |
| 3. | Labour Services | 12 | 0 | | 1200 | ४३,८१२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २३ गते (7 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**बेबी एन्जल इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np
Mobile: 9801029271 | 9801061546 | 9851002329 | 9804392322

## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी : DEIRA SOUTH SHIELDS WHOLESALE शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०३/१४ चलानी नं.: ६०२२१६९२ LT. No.: 306998

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 15 | 0 | स. काममा दक्ष | 150 | ६५,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २३ गते (7 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.**
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104, 9842036587, 9808466028, 9816731487, 9862504026, 9808635854, 9869317171.

## यूएई स्थित सुपरमार्केटको FOOD COURT मा FREE VISA, FREE TICKET को रोजगारको अवसर

कम्पनी : FINE FARE FOOD MARKET L.L.C शहर : Dubai
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०९ LT. No.: 289574 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 7 | 30 | सम्बन्धित काममा दक्ष | 2025 | ७३,३८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Officer | 51 | 20 | | 2025 | ७३,३८६ | | | | | | | |

अन्तर्वार्ता Hotel Holiday inn Express, Naxal, काठमाडौंमा २०८१ असार २५, २६ र २७ गते (9, 10 & 11 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको, COOK, DELI/BAKERY र BUTCHER को हकमा ३५ वर्ष सम्मको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ ।
CHEF, COOK, BARISTA, DELI/BAKERY, KITCHEN STAFF, COFFEE SHOP, FAST FOOD, RESTAURANT STAFF, WAITER, KITCHEN WORKER, BUTCHER.
सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता । फारम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन । कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ तथा अन्तरवार्तामा सक्कल राहदानी, शैक्षिक प्रमाण पत्र तथा सम्बन्धित कामको अनुभवको प्रमाण पत्र लिई उपस्थित हुनुपर्नेछ ।

नोटः प्रि तथा फाइनल अन्तर्वार्तामा आउँदा आफ्नो बायो डाटा, अनुभव, राहदानी र शैक्षिक प्रमाण पत्रको प्रतिलिपी लिई उपस्थित हुनुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचालमा सम्पर्क गर्नुहोला । ८. छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भिषा वापत लाग्ने शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही हाइट, धुम्बाराही, काठमाडौं, नेपाल, फोनः 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351
Email: newgurkhasintl@gmail.com./ Whats App No: +977 9866 298734.

# बक्स अफिस समाचार

## छैटौं इन्टरनेशनल एक्सिलेन्स अवार्ड सम्पन्न

**काठमाडौं/मस-** 'इण्डो नेपाल सांस्कृतिक समारोह तथा छैटौं इन्टरनेशनल एक्सिलेन्स अवार्ड' सम्पन्न भएको छ । नेपाल चेम्बर अफ कमर्श नेपाल महिला चेम्बरको प्रस्तुति, लिडिभाइन, भारतको आयोजना तथा प्याजेन्ट नेपालको एसोसियटमा बिहीबार काठमाडौंको ऱ्याडिशन होटेलमा उक्त समारोह सम्पन्न भएको हो ।




नेपाल चेम्बर अफ कमर्शकी उपाध्यक्ष, महिला चेम्बरकी अध्यक्ष एवम् साल्ट ट्रेडिङ कर्पोरेशनकी प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले कार्यक्रममा नेपाल, भारत, बेलायतलगायतका देशबाट सहभागिता जनाएका अतिथिहरुलाई स्वागत गर्दै समारोहलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सबैलाई धन्यवाद दिइन् ।

प्रतिनिधि सभाकी उप-सभामुख इन्दिरा रानाको प्रमुख आतिथ्यता तथा लोकप्रिय भारतिय अभिनेत्री जय प्रदाको विशेष आतिथ्यता रहेको उक्त समारोहमा नेपाल तथा भारतका उच्च पदस्थ व्यक्तिहरु सेलिब्रेटी तथा प्रसिद्ध कलाकार हरुका साथै करिब सात सयभन्दा बढी दर्शकहरुको उपस्थिति रहेको थियो ।

सो क्रममा कला साहित्य र संस्कृतिलगायत विभिन्न क्षेत्रमा योगदान पुऱ्याउँदै आएका विभिन्न विधाका करिब ४ दर्जन बढी प्रतिष्ठित व्यक्तिहरूलाई अवार्ड प्रदान गरिएको थियो । जसमा नेपालबाट करिब तीन दर्जन बढी र भारतबाट करिब डेढ दर्जन बढी व्यक्तित्वहरुले अवार्ड प्राप्त गरे ।

नेपालका चर्चित कलाकारहरु गायक आनन्द कार्की, गायक यम बरालको प्रस्तुति रहेको समारोहमा भारतीय कत्थक डान्सरहरुको नृत्य र नेपाल भारतका ऱ्याम्प मोडलहरुले दुवै देशको संस्कृति झल्कने पहिरनबाट ऱ्याम्प शोसमेत गरे ।

कार्यक्रममा प्रमुख अतिथि उपसभामुख रानाले यस्ता कार्यक्रमहरुबाट नेपाल र भारतको मित्रताको डोरी कसिलो बन्दै जानुका साथै दुवै देशको संस्कृति प्रवर्द्धनमा समेत सहयोग पुग्ने बताइन् । यसरी दुई छिमेकी मुलुकको सांस्कृतिक सम्वर्द्धनका लागि महत्वपूर्ण भूमिका खेलेको भन्दै आयोजक कमिटीलाई धन्यवादसमेत दिइन् ।

यस्तै उक्त समारोहमा बलिउड अभिनेत्री जय प्रदालाई सम्मान गरिएको थियो । नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेश कुमार अग्रवाल तथा महिला चेम्बरकी उपाध्यक्ष श्रेष्ठले अभिनेत्री प्रदालाई सम्मान प्रदान गरेका थिए । सोही क्रममा अभिनेत्री प्रदाले नेपाल आफ्नो दोस्रो घर भएको र यसरी नेपालीको माया पाउँदा आफू निकै हर्षित भएको भन्दै खुसीसमेत व्यक्त गरिन् ।

यस्तै स्वयं अभिनेत्री प्रदाले पनि साल्ट ट्रेडिङ कर्पोरशनका अध्यक्ष प्रदिपलाल श्रेष्ठ, चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठलगायतलाई आफ्नो तर्फबाट सम्मान गरिन् ।

कार्यक्रममा माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइराला, चलचित्र विकास बोर्डका अध्यक्ष एवम् अभिनेता भुवन केसी, अभिनेत्रीत्रय बसुन्धारा भुसाल, चैत्यदेवी तथा भुवन चन्द, कलाकार किरण केसी, राजाराम पौडेल, देविका बन्दना, राजु सिंह, नारायण प्रधानका साथै अभिनेता सरोज खनाल, संगीतकार शम्भुजित बासकोटा, प्रहरी अतिरिक्त महानिरिक्षक भिम प्रसाद ढकाल, नेपाली सेनाका सहायक रथि राजन अधिकारी, लोकप्रिय भारतीय गुगल आन्टी ७९, प्रिमिला हिंगोरोनी, युकेकी प्रतिष्ठित व्यवसायी सोनिया भाटिया, भारतीय प्रख्यात व्यक्तित्व सविता राणा भारती, प्रतिष्ठित व्यवसायी एवम् सामाजिक अभियान्ता डा.अनुप शर्मा, भारतीय चर्चित डान्सर हिमांशु द्विवेदी, टिपिएफ फ्याकिटका आकाश गुप्ता, डा. अर्पणा शाह, चेम्बरका पदाधिकारीहरु, पर्यटनविद्, संस्कृतिविद्लगायत विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा अभिनेत्री जय प्रदाले आफू अभिनित चर्चित गीत 'डफली वाले'मा प्रस्तुति दिएकी थिइन् । सञ्चारकर्मी दिनेश डिसीले सञ्चालन गरेको उक्त कार्यक्रममा आयोजक लिडिभाइनकी प्रमुख पुनम कौशिक, व्यवस्थापक श्रुती सरल, निर्देशक अंकित शर्मा, नेपालका आयोजक प्याजेन्ट नेपालका प्रमुख राज लुईंटेललगायतले कार्यक्रम सफल भएको र आगामी दिनमा हुने कार्यक्रमका लागि थप उर्जा मिलेको बताए ।

अभिनेत्री प्रदा यसै कार्यक्रममा सहभागिताका लागि २ दिने नेपाल भ्रमणमा आएकी थिइन् भने उनीसहित भारतबाट करिब ४ दर्जन बढी व्यक्तित्वहरुको सहभागिता रहेको थियो ।

## सुशान्तले अमेरिकामा दर्शक नचाउने

**काठमाडौं/मस-** चर्चित गायक सुशान्त केसीले अमेरिकाको न्युर्योकमा दर्शक नचाउने भएका छन् । न्युर्योकस्थित टाइम्स् स्क्वारको प्लाडिनियममा आगामी २० जुलाई (साउन ५ गते) आयोजना हुने 'सुशान्त केसी वर्ल्ड टुर लाइभ कन्सर्ट इन न्युर्योक' नामक कार्यक्रममा उनले आफ्ना चर्चित गीतसंगीतबाट दर्शक झुमाउने भएका हुन् । हलिउड र बलिउडका कलाकारका मात्र कार्यक्रम आयोजना हुँदै आएको भेन्युमा पहिलो पटक नेपाली कलाकारको कार्यक्रम हुन लागेको हो ।

कार्यक्रममा सुशान्तसहित ११ जना ब्याण्ड मेम्बरको लाइभ म्युजिक रहनेछ । कार्यक्रमको आयोजना ठमेल एनवाईसीका तर्फबाट लेलिन कँडेल, जिमी गुरुङ, रोशन गौचनले गर्दैछन् ।

नेपाली गीतसंगीतलाई अन्तर ाष्ट्रिय क्षेत्रमा चिनाउँदै हलिउड र बलिउडका गायक गायिका झैं नेपाली गायक गायिकाले पनि सोही



स्थानमा र सोही स्तरको कार्यक्रम गर्न सक्छन् भन्ने सन्देश कार्यक्रमले दिने आयोजकमध्येका एक लेलिन कँडेलले बताए ।

कार्यक्रममा १६ वर्षभन्दा माथिका दर्शकले मात्र सहभागिता जनाउन सक्नेछन् । न्युर्योकको प्लाडिनियमपछि सुशान्तको कार्यक्रम अमेरिकाको अन्य ११ स्थानमा समेत हुने आयोजक रोशन गौचनले बताए । कार्यक्रमको मिडिया संयोजक रेशम जंग शाह रहेका छन् ।

करिब ४ घण्टा चल्ने कन्सर्टमा गायक सुशान्तले 'सारङ्गी', 'नजिक आउ', 'गाजलु', 'हावाले', 'बैमानी', 'भरिभरि दिन' 'भँगेरा', 'म तिमिलाई मन पराउँछु' गायत दर्जन बढी लोकप्रिय गीतमार्फत दर्शक रिझाउनेछन् । कन्सर्टको टिकट ठमेल एवाईसीबाट उपलब्ध हुने आयोजकले जनाएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित : २०८१/०३/१६**

**अनुकूल बन्दना खाद्य प्रा.लि.**को मिति २०८१/०२/१४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेक्स्त जेन (प्रा.लि. नं.: २०४७२२)** कायम गर्ने गरी मिति २०८१/०३/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना

(प्रकाशित मिति २०८१/०३/१६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८१/०३/२३ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलवन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाडौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिहरुको विवरण:**

| क.स. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (ब.मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सिरहा | विष्णुपुर प्र.ध. | २/२क | ६०९ | ३३८.६४ | जग्गा |
| | | चैनपुर | ९/९क | ३१५ | २,०४०.३० | जग्गा |
| २. | झापा | हल्दीबारी | ३/३ख | २२२० | १४,६४६.१६ | जग्गा |
| ३. | झापा | शिवगञ्ज | ७/७स | २८९ | ६,२६३.७९ | जग्गा |
| | | | ७/७स | २८८ | ४,७४०.१६ | जग्गा |
| ४. | झापा | भद्रपुर | ५/१८००३२६०९ | १२ | ८५.०० | घरजग्गा |
| ५. | भक्तपुर | सुडाल | ७/७ङ | ११७ | ३८१.४८ | घरजग्गा |
| ६. | धनकुटा | चुलिवन | ५/५ | ६६ | ४,२६८.६१ | जग्गा |
| ७. | मोरङ्ग | विराटनगर उ.म.न.पा. | १५/१७८०७४२२२ | ५१ | ३९९ | घरजग्गा |
| | | | १५/१७८०७४२२२ | ५२ | ३४६ | |
| ८. | उदयपुर | गाईघाट | ३/३क | १०१५ | १६९.२९ | घरजग्गा |
| ९. | सुनसरी | इटहरी उ.म.न.पा. | २ /२ झ | ४५८१ | २२०.१२ | जग्गा |
| | | | २ /२ झ | १५९६ | १६५.०९ | जग्गा |
| | | | २ /२ झ | १४८५ | ८४.६५ | जग्गा |
| १०. | सुनसरी | ईनरुवा न.पा. | ५ / ५क | २६४७ | १६९.३२ | घरजग्गा |
| | | | ५/ ५क | २६८७ | १६९.३२ | |
| ११. | दैलेख | नारायण | २ /२ | १०२ | ५७० | जग्गा |
| १२. | मोरङ्ग | मधुमल्ला | ५ / ५च | ४२८० | ५३३.३६ | जग्गा |
| | | मधुमल्ला | ५ / ५च | ४३२८ | १८६.२५ | जग्गा |
| | | मधुमल्ला | ५ / ५च | ३४८५ | १६९.३२ | जग्गा |
| | | मधुमल्ला | ५ / ५च | २३६७ | ३०९.०१ | जग्गा |
| | | मधुमल्ला | ५ / ५ङ | ४२२ | १६९.२९ | जग्गा |
| १३. | मोरङ्ग | मधुमल्ला | ५ / ५ज | ९६० | ८४.६५ | जग्गा |
| | | मधुमल्ला | ५ / ५ज | २५२४ | ६७.७२ | जग्गा |
| | | मधुमल्ला | ५ / ५झ | ३४४१ | ८८.८९ | घरजग्गा |
| | | मधुमल्ला | ५ / ५झ | ३४४३ | ३८.१० | घरजग्गा |
| | | मधुमल्ला | ५ / ५झ | ३४४५ | २९.६३ | घरजग्गा |
| १४. | उदयपुर | कटारी | १ / १क | ७०८ | ८४.६५ | घरजग्गा |
| | | कटारी | १ / १क | ६८७ | ८४.६५ | घरजग्गा |
| | | कटारी | १ / १क | २६०४ | २९.६३ | जग्गा |
| १५. | मोरङ्ग | करौन | ५ / ५ख | ९८० | ६७७.२८ | जग्गा |
| | | करौन | ५ / ५ख | १०४८ | ३८६४.७२ | जग्गा |
| | | करौन | ५ / ५ख | ६६७ | ५५८.६६ | जग्गा |
| १६. | बर्दिया | गुलरिया | ७ / ७घ | १९ | १२,५२९.३४ | जग्गा |
| १७. | ताप्लेजुङ्ग | फुङलीङ | ७ / ७ | १४१० | ५०४.६८ | जग्गा |
| १८. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | सरावल | ८ / ८क | ४३६ | १८६.२२ | जग्गा |
| | | सरावल | ८ / ८क | ४९५ | २५६.०५ | जग्गा |
| | | सरावल | ८ / ८क | ४२८ | ३३८.५८ | जग्गा |
| | | सरावल | ८ / ८घ | १३१ | १९६४.११ | जग्गा |
| १९. | कन्चनपुर | कालिका | ३ /०२६०९१६ | ३७ | १३,६५०.०० | जग्गा |
| २०. | सप्तरी | कुशाहा | ६ /६ग | ९७८ | ७१.९६ | जग्गा |
| | | कुशाहा | ६ /६ग | ६८९ | १६०.८५ | जग्गा |
| | | कुशाहा | ६ /६ग | ६१४ | २२०.१२ | जग्गा |
| | | कुशाहा | ६ /६ग | ९८० | १२.७० | जग्गा |
| | | कुशाहा | ६ /६ग | ७०२ | ९३.१३ | जग्गा |
| | | कुशाहा | ६ /६ख | ६४९ | ५२९.१२ | जग्गा |
| | | कुशाहा | ६ /६ख | ६५३ | ७०६.९१ | जग्गा |
| | | कुशाहा | ६ /६ख | ६४६ | १६९.३२ | जग्गा |

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

## रियालिटी शो 'र'को आवेदन खुला

**काठमाडौं/मस-** विश्वकै पहिलो एग्रिकल्चर गेम रियालिटी शो 'र'को प्रतियोगी आवेदन खुला गरिएको छ । शनिबार राष्ट्रिय धान दिवसको अवसर पारेर एक समारोहकाबीच धान रोपाइँ उत्सव मनाउँदै कृषि, उद्दमशिलता र जलवायु परिवर्तनलाई मुख्य आधारशिला बनाएको प्रतियोगीको आवेदन खुला गरिएको हो ।

तीनै तहका सरकारहरुसँग साझेदारी गर्दै हालसम्म, विभिन्न स्थानीय सरकारहरू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र त्रिभुवन विश्वविद्यालयको कृषि तथा पशु विज्ञान अध्यन संस्थानलगायतसँग साझेदारी भएको छ । हिमालय टेलिभिजनबाट प्रसारण हुने यस कार्यक्रमको होष्ट महानायक राजेश हमाल रहेका छन् । व्यावसायिक किसान र बीएससी कृषि वा सो सरह अध्ययन गरेका व्यक्तिहरूले आवेदन दिन सक्छन् भने कार्यक्रममा १६ वटा विषयगत एपिसोडहरू हुनेछन्, जसमा सहभागीहरूको प्रस्तुतिलाई निर्णायकहरूको प्यानलले मूल्यांकन गर्नेछ । निर्णायकहरूको प्यानलमा कृषि मन्त्रालयका पूर्व सचिव डा. योगेन्द्रकुमार कार्की, कृषि अर्थशास्त्री डा. नम्रता पाण्डे र अन्य विषय विज्ञहरू छन् ।

'र' एक बेजोड रियालिटी गेम शो हो, जुन कृषि उद्यमशिलतालाई प्रवर्दन गर्दै समुन्नत समाज निर्माणको दृष्टिकोणका साथ ल्याइएको छ । यस कार्यक्रम कृषि उधमशिलता र जलवायु परिवर्तनलाई मुख्य विषयवस्तु बनाएर कृषिलाई सम्मानित पेशाको रुपमा स्थापित गरि किसानलाई सम्मानजनक पहिचान दिने उदेश्य अनुरुप प्रस्तुत गरिएको छ ।

कृषक र कृषि प्रविधिक यस शो मा प्रतियोगी रहने छन्, जस्मा दिगो र नविन कृषि अभ्यासहरू प्रवर्द्धन गर्दै, उनीहरूको कृषिसम्बन्धी ज्ञान, रचनात्मकता र कौशलताको परीक्षण गरिने छ । कार्यक्रमको उद्देश्य कृषिको महत्वलाई उजागर गर्दै, युवा पुस्तालाई खेतीमा चासो लिन प्रेरित गर्ने र किसानहरूको कडा परिश्रम र समर्पणलाई उच्च कोटीको रुपमा प्रस्तुत गर्ने हो ।

'समृद्धिका लागि नयाँ दृष्टि'को नाराका साथ कार्यक्रमले सरकारी




निकाय, नीति निर्माता, कृषि मूल्य शृंखलामा आवद्ध व्यक्ति र आम जनतामा सकारात्मक प्रभाव पार्ने लक्ष्य राखेको छ ।


### साउदीमा रोजगार

कम्पनी: MODERN ATLAS CONTRACTING COMPANY
शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०८०/११/२२ | चलानी नं.: ६०२१६०५३ | L.T. No.: 301102 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 1 | 0 | | 1000 | ३५,४८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार २३ गते (7 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

अल-जाफर ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com


"बचत गरौं भविष्य उठाऔं, ऋण लिई उद्यम गरौं"

### भक्तपुर उद्यमी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

सुकुलढोका-५, भक्तपुर, फोन नं. ६६१९२५३

### कर्जा नतिर्ने ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०३/१६

यस संस्थाबाट कर्जा लिनु हुने तपशिल बमोजिका ऋणी सदस्यहरुले संस्थाबाट लिएको कर्जाको साँवा,व्याँज, हर्जाना तथा अन्य दै-दस्तुर रकम धनि संस्था सँग गरेको शर्त बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गरेको तथा संस्थाले पटक-पटक लिखित तथा मौखिक पत्राचार गरी तारताकेता गर्दा समेत साँवा,व्याँजको रकम भुक्तानी वा नियमित गर्न नआएकाले यो ३५ दिनको अत्यन्त जरुरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा उपस्थित भई आफुले लगेको कर्जाको साँवा, व्याँज, हर्जना तथा अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम चुक्ता गरी कर्जा फर-फारक गर्नु गराउनु होला । तोकीएको समय भित्र पनि उल्लेखित अनुसार तिर्न बाँकी कर्जा रकम बुझाउन नआएमा कर्जाको सुरक्षणको लागि लेखिदिएको चल अचल सम्पति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र यस संस्थाको कर्जा लगानी तथा असुली सम्बन्धी नियमावली अनुसार तथा ऋणी सदस्य, सो संग सम्बन्धीत अन्य पक्ष र धनी संस्था विच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा ऋण कर्जाको साक्षी एवम धन जमानी बस्ने व्यक्ति तथा सम्बन्धीत अन्य पक्षहरुलाई प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरी आफ्नो लेना रकम असुल उपर गरी लिने छ । साथै कालो सुचीमा नाम समावेश गर्नका लागि लेखी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपशिल**

| क.स. | ऋणीको नाम ठेगाना | धितोमा रहेको सम्पतिको बिवरण |
|---|---|---|
| १ | **नाम : सुचित्रा श्रेष्ठ**<br>पतिको नाम : रुपेश बहादुर श्रेष्ठ<br>बुबाको नाम : भवानी भक्त श्रेष्ठ<br>ससुराको नाम : रमेश बहादुर श्रेष्ठ<br>ठेगाना : भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ८<br>नागरिक्ता नं., जारी मिति र स्थान<br>१७५२३, २०५४।११।१७ जिप्रका भक्तपुर | भक्तपुर जिल्ला साविक सुडाल गाविस वडा नं. ९ नक्सा सिट नं. ९ख कित्ता नं ७७ को क्षेत्रफल २-११-२-० (१३८३.०७ ब.मि.) ऐ.ऐ. कित्ता नं १ को क्षेत्रफल ३-८-०-० (१७८०.५४ ब.मि.) |
| २ | **नाम : प्रेम बहादुर श्रेष्ठ**<br>श्रीमतीको नाम : सम्झना श्रेष्ठ<br>बुबाको नाम : चन्द्र बहादुर श्रेष्ठ<br>बाजेको नाम : बुद्धि बहादुर श्रेष्ठ<br>ठेगाना : काठमाडौं जिल्ला, महादेवस्थान वडा नं. ८ हाल चन्द्रगिरी नगरपालिका<br>नागरिक्ता नं., जारी मिति र स्थान<br>१३९४१८।२०४८।२१९९।१२१, २०५७।०३।१४ जिप्रका काठमाडौं | भक्तपुर जिल्ला, हाल चागुनारायण नगरपालिका वडा नं. ८ साविक सुडाल गाविस वडा नं. २ नक्सा सिट नं. २ कित्ता नं ११२० को क्षेत्रफल १-०-०-३ (५१४.७१ ब.मि.) ऐ.ऐ. कित्ता नं ५३७ को क्षेत्रफल ०-६-०-० (१९०.७४ ब.मि.) |

# नेपालले लेबनानमा हुने फोर नेसन्स कप नखेल्ने



**काठमाडौं/मस–** नेपालले लेवनानमा हुने भनिएको अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता (फोर नेसन्स कप) नखेल्ने भएको छ । लेबनानको वर्तमान सुरक्षा व्यवसथ्लाई मध्यनजर गर्दै नेपालले प्रतियोगिताबाट नाम फिर्ता लिएको अखेल नेपाल फुटबल संघ (एन्फा)ले शुक्रबार विज्ञप्तिमार्फत जानकारी दिएको छ ।

'लेबनानमा विकसित भएको पछिल्लो घटनाक्रम र राष्ट्रिय टोलीका खेलाडी तथा अन्य सदस्यहरूको सुरक्षालाई मध्यनजर गर्दै एन्फाले लेबनानमा जुलाई ८ देखि १६ सम्म हुने महिला अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग नलिने निर्णय लिएको छ,' एन्फाले विज्ञप्तिमा भनेको छ ।

आइतबारसम्म लेबनानबाट प्रतियोगिता सार्नका लागि एन्फाले औपचारिक पत्राचार गर्ने छ । यो प्रतियोगितालाई भुटानमा सार्ने र भुटानको महिला टिमलाई पनि समावेश गर्ने गरी तयारी भएको बुझिएको छ ।

यसअघि आयोजक लेबनान फुटबल संघले मंगलबार सार्वजनिक गरेको तालिका अनुसार नेपालले पहिलो प्रतिद्वन्दी जोर्डन पाएको थियो । यी दुई टोलीबीचको खेल त्रिपोली अन्तर्राष्ट्रिय फुटबल मैदानमा असार २६ गते लाई मिति तय गरिसकेको थियो ।

नेपालले दोस्रो खेल बंगलादेशसँग असार २९ गते खेल्ने तालिका सार्वजनिक भए पनि बंगलादेशले प्रतियोगितामा सहभागिता नजाउने जानकारी लेबनान फुटबल संघलाई गराइ सकेको छ । प्रतियोगिताको अन्तिम खेलमा नेपालले घरेलु टोली लेबनानसँग साउन १ गते खेल्ने तय भएको थियो ।

उक्त प्रतियोगिताका लागि नेपाली टिमका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले २२ सदस्यीय टोलीको घोषणा गरिसकेका छन् ।

पछिल्लो समय इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले लेबनानमा आक्रमण गर्ने चेतावनी दिए पछि अन्तर्राष्ट्रिय जगतले ध्यानाकर्षण भएको जनाउँदै आफ्ना नागरिकलाई त्यहाँको भ्रमण नगर्न अपिल जारी गरेका छन् । लेबनानमा बढ्दो सुरक्षा चिन्ताको बीचमा भारत र अमेरिकाले आ–आफ्ना नागरिकका लागि ट्राभल एडभाइजरी जारी गरेका छन् ।

दुवै देशले आफ्ना नागरिकहरूलाई लेबनानको यात्रा योजनाहरूमा पुनर्विचार गर्न र सावधानी अपनाउन आग्रह गरेका छन् । यसैगरी, बेरुतस्थित रुसी दूतावासले पनि आफ्ना नागरिकहरूलाई देशको दक्षिणी भागको अवस्था सामान्य नभएसम्म लेबनान भ्रमण नगर्न सल्लाह दिएको छ ।

अमेरिकी दूतावासले लेबनानको वर्तमान अवस्थामा आफ्ना नागरिकहरूलाई लेबनान भ्रमण गर्ने कुनै पनि योजनाहरूमा कडा रूपमा पुनर्विचार गर्न चेतावनी जारी गरेको छ ।

### सहाना प्रधान स्मृति यू–१९ भलिबल

# पुरुषतर्फ गण्डकी र महिलातर्फ बागमती च्याम्पियन



**काठमाडौं/मस–** प्रथम सहाना प्रधान स्मृति यू–१९ पुरुष तथा महिला भलिबल च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फको उपाधि गण्डकी प्रदेशले जितेको छ भने महिलातर्फको उपाधि बागमती प्रदेशले जितेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा शनिबार सम्पन्न फाइनल खेलमा लुम्बिनी प्रदेशलाई पराजित गर्दै गण्डकीले पुरुषतर्फको उपाधि जितेको हो भने लुम्बिनी प्रदेशलाई नै पराजित गर्दै बागमतीले महिलातर्फको उपाधि जितेको हो ।

पुरुषतर्फको फाइनल खेलमा गण्डकीले लुम्बिनी प्रदेशलाई ३–१ को सेटमा पराजित गरेको हो । गण्डकीले पहिलो २५–१५ ले आफ्नो पक्षमा पर्दा दोस्रो सेट २०–२५ ले गुमाएको थियो । त्यसपछि बाँकी दुई सेट २५–२० र २५–१८ ले आफ्नो पक्षमा पर्दै च्याम्पियन बनेको हो ।

उपाधिसँगै गण्डकीले नगद तीन लाख प्राप्त गरेको छ । पराजित लुम्बिनीले भने दुई लाखमा चित्त बुझायो ।

महिलातर्फको फाइनल खेलमा लुम्बिनीलाई ३–० को सोझो सेटमा पराजित गर्दै बागमती च्याम्पियन बनेको हो । बागमतीले खेल २५–२१, २५–१६ र २५–१८ को सेटमा जित्यो । उपाधिसँगै बागमतीले तीन लाख रुपैयाँ नगद प्राप्त गरेको छ । पराजित लुम्बिनीले भने दुई लाख रुपैयाँमा चित्त बुझायो । बागमतीले समूह चरणको सबै खेल जितेको थियो ।

प्रतियोगितामा महिलातर्फ बागमती प्रदेशकी जेनिशा विश्वकर्मा र पुरुषतर्फ गण्डकी प्रदेशका विश्वास अधिकारी सर्वोत्कृष्ट खेलाडी चुनिएका छन् । दुवै सर्वोत्कृष्ट खेलाडीले जनही २५ हजार, ट्रफी र मेडल प्राप्त गरे ।

महिलातर्फ उत्कृष्ट लिबेरो बागमती प्रदेशकी लिबेरो अन्जिला प्रधान र पुरुषतर्फ गण्डकी प्रदेशका जीतबहादुर सार्कीले जिते । दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे । उत्कृष्ट सेटरमा महिलातर्फ बागमतीकै भावना तामाङ र पुरुषतर्फ लुम्बिनी प्रदेशका दिपेश कुँवरले जिते । दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे ।

उत्कृष्ट सर्भर महिलातर्फ गण्डकी प्रदेशकी सोइङ थापाले जितिन् । पुरुषतर्फ भने गण्डकी प्रदेशका सूर्य बिकले जिते । दुवै खेलाडीले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे । उत्कृष्ट स्पाइकर महिलातर्फ बागमतीकी सलिना बुढा मगर र पुरुषतर्फ लुम्बिनी प्रदेशका सागर रसौलीले जिते । यो विधामा पनि दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे ।

उत्कृष्ट ब्लकर महिलातर्फ लुम्बिनी प्रदेशकी निशा चौधरी भइन् भने पुरुषतर्फ सुदूरपश्चिम प्रदेशका अर्जुन नेपालीले जिते । दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे ।

# नेपाल क्याकुसिन काइकान कराते बाराको नयाँ कार्यसमिति गठन



**राहुल गुप्ता/मध्यान्ह**
बारा, १५ असार

नेपाल क्याकुसिन काइकान कराते बाराको नयाँ कार्यसमिति गठन भएको छ । मेघनाथ अधिकारीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्य समिति गठन भएको हो ।

जसको उपाध्यक्षमा केशव थापा, सचिवमा राजेश महतो, कोषाध्यक्षमा प्रेम थापा, सदस्यहरुमा शेषराज अधिकारी, राम अधिकारी, अरबिन्द शाह, गौरव नेपाल, अनिल गिरी, राजेश पुन, यम कुमारी श्रेष्ठ र रेनु पराजुली रहेका छन् । त्यसैगरी सल्लाहकारमा मोहन शर्मा लामिछाने, राजकपुर राउत र रवीन्द्र खकुरेललाई सर्वसम्मतले चयन गरिएको छ ।

सिमरा भेट्रान क्लबका अध्यक्ष राजकपुर राउत कुर्मीको अध्यक्षता तथा जिल्ला खेलकुद समिति बाराका प्रमुख हेमलाल श्रेष्ठको प्रमुख आतिथ्यतामा बसेको बैठकले नेपाल क्याकुसिन काइकान करातेको केन्द्रीय समितिको निर्देशनअनुसार २०७८ कात्तिक ६ गते गठन भएको जिल्ला क्योकुसिन सेइसिन काइकान कराते संघ निष्क्रिय भएको भन्दै सो विघटन गरी नयाँ जिल्ला कार्यसमिति गठन गर्ने निर्णय गरेको हो ।

त्यसैगरी बैठकले नेपाल क्योकुसिन सेइसिन काइकान कराते संघ उपशाखा डोजो जितपुर–सिमरा उपमहानगरपालिकामा कार्यालय रहने गरी दर्ता वा सूचीकृत गर्ने, संस्थाको दर्ता, कानूनी कार्यहरु र व्यवस्थापकीय कार्यहरु गर्नका लागि सचिवलाई अख्तियारनामा दिने निर्णय गरेको छ । बैठकमा प्रमोद सिंह, केशव थापा, राम अधिकारी, अरबिन्द शाह, मोहन शर्मा लामिछाने, यम कुमारी श्रेष्ठ, सुशील शर्मा, हिरा श्रेष्ठ, प्रेम थापा, रवीन्द्र खकुरेललगायत स्थानीय तथा खेलकुद प्रेमीहरुको उपस्थिति रहेको थियो ।

## गुल्मीमा कभर्डहलको उद्घाटन

**काठमाडौं/मस–** राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य–सचिव टंकलाल घिसिङले गुल्मीको रुरु क्षेत्र गाउँपालिकास्थित रिडीमा बनेको ब्याडमिन्टन कभर्डहल तथा सभा हलको एक कार्यक्रमबीच शनिबार उद्घाटन गरे । २०८० साल पुस ५ गते निर्माण कार्य शुरु भएको कभर्डलको निर्माण कार्य २०८१ साल जेठ ५ गते सम्पन्न भएको थियो । कभर्डहल निर्माणका लागि गुल्मीका ८४ वर्षीय गुरुप्रसाद ज्ञवालीको अध्यक्षतामा निर्माणाधीन रुरु कभर्डहल उपभोक्ता समिति गठन गरिएको थियो । हलमा २ कोर्ट रहेको छ । जम्मा १ करोड २४ लाख लागतमा निर्माण सम्पन्न भएको कभर्डहलका लागि राखेपले ९० लाख रुपैयाँ सहयोग गरेको थियो ।


## नागरिक पेन्सन योजना

यस योजना अर्न्तगत आय आर्जन गर्ने, प्रचलित कानून बमोजिम स्थापना भएका संघ, संस्था, एवं प्रतिष्ठानमा कार्यरत श्रमिक/कर्मचारी, स्वरोजगारमा रहेका सर्वसाधारण र गैर आवासिय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक सहभागी हुन सक्ने छन् ।

**बचत गर्न सकिने सीमा :**
यसमा सहभागी हुने बचतकर्ताहरुले न्यूनतम मासिक रु. ५००।-देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा जम्मा गर्न सक्ने छन् । बचतकर्ताको आम्दानीको आधारमा मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिकरुपमा र कम जम्मा गर्न सकिने विशेषता समेत रहेको छ । यस्तो किस्ता बुझाउँदा मासिक रु.५००।- भन्दा कम नहुने गरी बुझाउनु पर्नेछ ।

**पेन्सन पाउन योग्य हुने अवस्था :**
पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनुपर्नेछ ।
बचतकर्ताले १५ वर्षको बचत नगर्दै त्यसको ब्याज र प्रतिफल समेत एकमुष्ठ भुक्तानी लिन वा पेन्सनको रुपमा भुक्तानी लिन सक्नेछन् ।
कोषको अन्य योजनामा जम्मा भएको वा सहभागीको पारिश्रमिक वा स्वरोजगारीबाट आर्जित रकम एकमुष्ठ रुपमा तोकिएको न्यूनतम किस्ताले हुने जम्मा गर्ने सहभागीले समेत यस योजनामा सहभागी हुन सक्नेछन् ।

**पेन्सन गणना विधि:**
सहभागीले गरेको बचत, त्यसको ब्याज र कोषको लगानीवाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर पेन्सन पाउनेछन् ।

**योजनामा रकम जम्मा गर्ने विधि :**
सहभागी बचतकर्ताले जम्मा गर्नु पर्ने रकम कोषले तोकेको बैंक खातामा भौचर मार्फत वा बिद्युतिय भूक्तानी मार्फत जम्मा गर्न सक्ने छन् । बचतकर्ताले बैंकमा रकम दाखिला गरे पछि सोको जानकारी कोषलाई दिनु पर्ने छ । कोषद्वारा तोकिएको खातामा रकम जम्मा नभएमा उक्त रकम प्रति कोषको कुनै दायित्व रहने छैन ।
कोषमा रकम जम्मा गर्दा सम्बन्धित सहभागी बचतकर्ताको नाम र कोषले प्रदान गरेको परिचय नम्बर अनिवार्य रुपले उल्लेख गर्नु पर्ने छ ।
रकम जम्मा गर्दा आफ्नो सही नाम र कोषले प्रदान गरेको परिचय नम्बर उल्लेख गर्नु पर्ने दायित्व सम्बन्धित बचतकर्ताको हुनेछ । गलत नाम वा परिचय नम्बर उल्लेख भई रकम जम्मा भएमा त्यसको जिम्मेवारी कोषले लिने छैन ।

**नागरिक लगानी कोष**
**केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौ**
**पो.बक्स: ५८२३, फोन: ०१-५९७०२०१**
**इमेल:** info@nik.org.np
**वेवसाइट:** www.nik.org.np



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: GREEN PILLARS READYMIX AND DRYMIX CONCRETE AND MORTARS MANUFACTURING- SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृत मिति: २०८०/१२/०६ | चलानी नं.: ६०२१६७७३ | L.T. No.: 301942 | पुन: विज्ञापन | शहर: UAE

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Fabricator | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Aluminium Fitter | 5 | 0 | | 1200 | ४३,४८८ | | | | | | | |
| 3. | Asphalt Roofer | 5 | 0 | | 1200 | ४३,४८८ | | | | | | | |
| 4. | Factory Worker | 5 | 0 | | 800 | २८,९९२ | | | | | | | |
| 5. | Sheet Metal Worker | 5 | 0 | | 1100 | ३९,८६४ | | | | | | | |
| 6. | Tyre Repairer | 5 | 0 | | 1200 | ४३,४८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २३ गते (7 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७

**Al Secure Manpower Recruitment P. Ltd.**
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com



**PRIME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : मलंगवा, सर्लाही
फोन नं.: ०४६-५२११५८

को

## शाखा कार्यालय मलंगवा, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/०३/१६ गते)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना र कम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७४/०१/१७ मा दर्ता नं. ५०८५/०७३/०७४ कायम भई दर्ता भएको सर्लाही जिल्ला, गोडैता न.पा. वडा नं. ८, स्थित **साक्षी मोटर साईकल स्पेयर पार्टस प्रोप्राइटर: राजेश राउत**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. राम सुन्दर राउतको नाति, शिवचन्द्र राउतको छोरा, सर्लाही जिल्ला, साबिक गोडैता गा.वि.स./न.पा. वडा नं. ९ हाल गोडैता न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **राजेश राउत (ना.प्र.प.नं. १९३०२२/३७३०, सर्लाही)**

२. शिवचन्द्र राउतको बुहारी, राजेश राउतको पत्नी, सर्लाही जिल्ला, साबिक गोडैता गा.वि.स./न.पा. वडा नं. ९ हाल गोडैता न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **प्रियंका कुमारी पटेल (ना.प्र.प.नं. १९-०१-७१-०६०८९, सर्लाही)**

**धितोमा रहेको सम्पतिको विवरण**

**राजेश राउतको** नाममा मालपोत कार्यालय मलंगवा, सर्लाहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, हनुमाननगर छपकैया गा.वि.स./न.पा.वडा नं ९ स्थित कित्ता नं. ९१ को क्षेत्रफल ०-५-५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/०३/१६ गते आइतबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय मलंगवा, सर्लाहीबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।

४. शिलबन्दी बोलपत्र मिति २०८१/०३/२२ गते शनिबार सार्वजनिक विदा परेकोले मिति २०८१/०३/२३ गते आइतबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरू उपर कारवाही गरिने छैन।

५. शिलबन्दी बोलपत्र मिति २०८१/०३/२४ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।


६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।

८. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन्।

९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय मलंगवा, सर्लाहीमा सम्पर्क राखी बुझ्न सकिनेछ।

# मेरो भागमा कति आउँछ भन्ने प्रवृत्ति नरोकिएसम्म भ्रष्टाचार हट्दैन



नेपालको अर्थतन्त्रको लागि भ्रष्टाचार प्रमुख समस्याको रुपमा देखिएको छ । विकास बजेटदेखि नीतिगत भ्रष्टाचारले देशको अर्थतन्त्रमा नै नकारात्मक प्रभाव पारेको छ । १ सय ८० देशहरुमध्ये नेपाल १ सय ८औं स्थानमा भ्रष्टाचार हुने मुलकमा पर्छ । गत आइतबार अन्त:शुल्क स्टिकर खरिद प्रकरणमा मुख्यसचिव डा. वैकुण्ठ अर्याल सहित १२ जनालाई भ्रष्टाचार अभियोग लाग्यो । साथै पछिल्लो समयमा नेपालको कर्मचारीतन्त्रको उच्च तहमा रहेका धेरै व्यक्तिहरुलाई भ्रष्टाचारको अभियोग लाग्दै आएको छ । तर, इतिहासमै मुख्यसचिव नै भ्रष्टाचारमा मुछिएको पहिलो पटक हो । यसले के संकेत गर्छ भने नेपालमा भ्रष्टाचारको जालो तल्लो तहदेखि उच्च तहसम्म फैलिएको छ । प्रस्तुत छ, सुशासनको सन्दर्भमा नेपालको भ्रष्टाचारको बारेमा अध्ययन, अनुसन्धान र आवाज उठाउने संस्था ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका महासचिव **मदनकृष्ण शर्मा**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

**मदनकृष्ण शर्मा**, महासचिव, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

**नेपालमा भ्रष्टाचारका ठूला काण्डहरु बाहिर आइरहेका छन्, मुख्यसचिवलाई समेत भ्रष्टाचारको आरोप लाग्नुले के संकेत गर्छ ?**

पछिल्लो मुद्दालाई हेर्ने हो भने केही हदसम्म भ्रष्टाचारको काण्डहरु, पुराना फाइलहरु अख्तियारले हेर्न थालेको जस्तो देखिन्छ । भ्रष्टाचारको जालो मुख्यसचिवसम्म पुगेको छ । भ्रष्टाचारकै आरोप जसरी मुख्य सचिव बैकुण्ठ अर्याललाई लागेको छ, उनको विगत हेर्दापनि चलखेल गरेरै पदमा पुगेका हुन की भन्ने आंशका बढाएको छ । आफू रिटायर्ड हुन २ दिन बाँकी हुँदा बहालवाला मुख्यसचिवलाई राजीनामा गराएर मुख्यसचिव भएका थिए । के उनी आफ्नो क्षमता, प्रतिष्ठा भएकै कारण मुख्यसचिव भए वा अन्य कारणले भन्ने प्रश्न उठन सक्छ । नियुक्ति हुँदा देखि नै अचम्म मानिएको घटना थियो त्यो । यसरी नै हो कर्मचारी संयन्त्र चल्ने हो भने हुने यस्तै हो । मुख्यसचिवको क्षमता कति चाहिन्छ भनेर कतै चर्चा नै भएन त्यतिबेला । तर, जसरी भ्रष्टाचारका फाइलहरु खोल्ने काम भएको छ यसले भ्रष्टाचार गर्ने कर्मचारीका लागि ठूलो पदमा पुगेपनि कुनैबेला सजाय भोग्नुपर्ने रहेछ भनेर पाठ सिकाएको छ ।

**अब अख्तियारको नजर ठुला माछातिर गएको हो ?**

सरकारको तर्फबाट नै भ्रष्टाचार कम गरौं भन्ने र गर्नेमा फरक देखिएको छ । शक्तिशाली पार्टी र व्यक्तिको संलग्नतामा भएको भ्रष्टाचार अझैपनि खुल्न सकेको छैन । नेपालमा भ्रष्टाचारको काण्ड कर्मचारीतन्त्रसम्म मात्र छानबिन भइरहेको छ । जब राजनीतिज्ञको कुरा आउँछ, ठूला दलका उच्चतहका नेतृत्व मुछिन्छन् अनि मुद्दा बन्द हुन्छ । राजनीतिक व्यक्तिको संलग्नता, जानकारी बिना कर्मचारी तन्त्रबाट मात्रै ठूला-ठूला भ्रष्टाचार हुन सक्छन भन्ने चाहीँ विश्वास गर्न सक्ने अवस्था छैन ।

भ्रष्टाचारमा लिप्त भएकाको बढुवा समेत छिटो भएर माथि पुग्ने, धेरै लाभ हुने मन्त्रालयमा पुग्ने । उनीहरुको राजनीतिक कनेक्सन नभइकन भ्रष्टाचार भएको भनेर अहिलेको परिस्थितिमा भन्न सकिँदैन । किनभने हाम्रोमा क्षमताको आधारमा भन्दापनि उसले आफूलाई कति फाइदा दिन सक्छ भन्ने हेरेर नजिक ल्याउने गरिन्छ । पहिले भ्रष्टाचार गर्नेलाई राजनीतिज्ञले जोगाउने चलन थियो तर, यो काण्डले अब भ्रष्टाचारको मुद्दा जुनसुकै बेला समेत खुल्न सक्ने नजिर बसेको छ ।

**सरकारले अझै भ्रष्टाचारको फाइल खोलिन्छ भन्ने गरेको छ । यसलाई कसरी हेर्न सकिन्छ ?**

फाइल खोलिन्छ भनेर बोल्नु राम्रो कुरा होला । संसदमा फाइलकै नाम दिएर भ्रष्टाचारको काण्डहरु बाहिर ल्याउन थालिएको छ । तर यहाँ अर्को डर छ । फाइल खोलेजस्तो गर्ने र केही रहेनछ भनेर सफाइ दिने नहोस् । कानुनी रुपमा खोलेरै साँच्चिकै जसले बदमासी गरेका छन् राष्ट्रको सम्पत्ति हिनामिना गरेका छन् । आफनो पदीय दायित्वलाई व्यक्तिगत लाभको लागि प्रयोग गर्नेलाई कारबाही गर्नैपर्छ । हाम्रा ऐन नियमहरुमा जसरी संशोधनहरु आइराखेका छन । ती संशोधनहरुमाथि धेरै प्रश्न गर्ने अवस्था छ । पुराना भएको कामलाई कारबाही गरेजस्तो पनि गर्ने, तर नीतिगत भ्रष्टाचार गर्नेलाई र अझै राजनीतिज्ञ जोगाउने ऐनहरु बनिरहेका छन् । जबसम्म निर्णय गर्नेलाई नै छानबिनको दायरामा ल्याइँदैन तब कुनै फाइल र व्यक्तिलाई मुद्दा लगाएर भ्रष्टाचारमा कमी आउँदैन । नीतिगत व्यवस्था बनाएर काम गर्ने अवस्था आएसम्म कहिल्यै भ्रष्टाचार अन्त्य हुँदैन् । तर, अहिले जसरी कर्मचारीहरु समातिएका छन यसले के सिक्नु आवश्यक छ भने कर्मचारीले बरु मलाई पद चाहिँदैन, म यस्तो काम गर्न सक्दिन भन्न सक्नुपर्छ ।

**अहिलेका कानूनले भ्रष्टाचार अन्त्य गर्नसक्ने अवस्था छैन ?**

यो पक्कै छैन । हाम्रो ऐन कानून स्पष्ट छैनन् । हाम्रोमा भ्रष्टाचार न्यूनिकरणको लागि अख्तियार मुख्य हो । अख्यियारमा समेत निर्णय हुनुपर्दछ । जब अख्तियारमा राजनीतिक व्यक्तिको सिधै संलग्नता देखिन्छ । हल्ला हुन्छ, कारबाही हुँदैन । मुद्दा दर्ता हुँदा कर्मचारी मै सिमित हुन्छ । राजनीतिका व्यक्ति देखिने स्थितिमा फाइल तामेलीमा राख्ने गरिन्छ । सकेसम्म कुनै कर्मचारीलाई जोडेर फाइल बन्द हुन्छ । कर्मचारीलाई मुद्दा हाल्दियो राजनीतिज्ञलाई छोडिदियो । यो अवस्था हाम्रो व्यवहारमा छ । त्यसैले कानून समेत भ्रष्टाचार विरोधी बन्न सकेका छैनन् ।

**भ्रष्टाचारको जालो केन्द्रदेखि स्थानीयतहसम्म पुगेको देखिन्छ । यसलाई कसरी विष्लेषण गर्न सकिन्छ ?**

केन्द्र, प्रदेश, स्थानीय तह भनेपनि समाज त नेपाली नै हो । घर त उही हो । एउटै घर परिवारको कोही स्थानीयमा, कोही प्रदेशमा र कोही संघमा छन् । अर्को पार्टी समेत एउटै छ । पार्टीको तल्लो तहदेखि माथिल्लो तहसम्म उस्तै हुन्छ । माथिल्लो तहबाट भ्रष्टाचारको प्रशिक्षण पाइरहेको अवस्थामा सबै एउटै नै हुने नै भयो । त्यसैले भ्रष्टाचार अन्त्य गर्ने हो भने व्यक्तिबाटै शुरु हुनुपर्छ । भ्रष्टाचार कुनै ऐन कानून, प्रणाली भन्दापनि व्यक्तिमा केन्द्रित हुनुपर्छ । यहाँ त मेरा भागमा कति आउँछ भन्ने छ । जबसम्म यो नियत हट्दैन तबसम्म यस्तै हो । यो परिपाटी अन्त्यको लागि व्यक्तिबाट नै शुरु गर्नुपर्छ । भ्रष्टाचार कम गर्न नियन्त्रण गर्न माथिबाट नै शुरु गर्नुपर्छ । भ्रष्टाचार कहिल्यै पनि तल्लो तहबाट निर्मुल हुँदैन । भ्रष्टाचार एक नम्बरबाट शुरु हुनुपर्छ । त्यो प्रधानमन्त्रीको पद हो । तर यहाँ पहिला सत्तामा कसरी जाने भन्ने छ । त्यसको लागि पैसा चाहियो । राम्रो काम गरेर जनताको मन जितेर जाने होइन, पैसा र बलको आधारमा सत्तामा जाने भन्ने संस्कृतिको कारण भ्रष्टाचार निवारणमा गाह्रो परेको छ । राम्रो काम गरेर भन्दापनि जनतालाई हाइफाई देखाउने र निर्वाचनको बेला आर्थिक प्रलोभन देखाएर केही गर्न सक्यो भने हुन्छ भन्ने मान्यता छ । यो जनताले समेत हेर्ने हो तर कस्ले हेर्ने ? अहिले दु:ख के छ भने अहिले युवा पुस्ताले देश छोडिरहेका छन् । पढे लेखेका समेत जागिरको लागि विदेश गइरहेका छन् । नपढेकाहरु समेत श्रम बजारमा खाडी मुलुक पुगेका छन् । केही गरौं भन्ने धेरै विदेश गइरहेका छन् । को बस्छन त यहाँ भन्दा पार्टीको पछि लागेर फाइदा लिनसक्ने मान्छे मात्र । त्यसैले चुनाव समेत तिनै व्यक्तिले जितिरहेका छन् । विरोध नै छैन । स्पेसिफिकेसन बनाउँदादेखि टेन्डर इभालुएसन, क्राइट एरिया बनाउँदादेखि नै मिलेमतो हुन्छ अनि कसरी हुन्छ भ्रष्टाचारको अन्त्य ?

## लालीगुराँस सहकारीका सीईओ भण्डारी पक्राउ



**काठमाडौं/मस-** लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सीईओ सुरेन्द्र भण्डारी पक्राउ परेका छन् । उनलाई शुक्रबार राति उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले काठमाडौंको विशालनगरबाट पक्राउ गरेको हो ।

सो सहकारीले बचतकर्ताको १० अर्ब बढी अपचलन गरेको आरोप लागेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले २९ फागुन २०८० मा सो सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गरिसकेको छ । भण्डारी विरुद्द बचत फिर्ता र रकम अपचलन सहितको विषयलाई लिएर चार हजार पाँच सय ७८ जना बचतकर्ताले उजुरी दिएका छन् ।

भण्डारी सो सहकारीको संस्थापक अध्यक्ष रहेको र हाल अन्य व्यक्ति अध्यक्ष भएपनि उनले नै व्यवस्थापकीय नेतृत्व गर्दै आएको बताइएको छ । यसअघि नै बचतकर्ताहरु सहकारीले बचत फिर्ता नगरेको भन्दै अदालत गएका थिए र अदालतले बचत फिर्ता गर्न सो सहकारीलाई आदेश दिएको थियो । तरपनि सहकारीले हालसम्म बचतकर्ताको बचत फिर्ता गर्न सकेको छैन ।

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस मध्यान्ह मिडिया प्रा. लि. मार्फत विभिन्न पत्रपत्रिकामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही मिति २०८१ असार २५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्यौट तथा मिलान नगरिएमा यस प्रा. लि.को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तानी नगर्ने संस्था/व्यक्तिहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**मध्यान्ह मिडिया प्रा. लि.**
**गोगंबु, काठमाडौं**
Email: ad.madhyanha@gmail.com

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

चट्याङबाट बच्ने उपाय:
- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्लगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिकको अनलाइन संस्करण
www.madhyanhadaily.com
नयाँ स्वरुपमा हेर्न नछुटाउनुहोला ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**